# अध्याय-एक
# परिचय

## १.१ अध्ययनको पृष्ठभूमिः

सहकारी भन्नाले कुनै निश्चित उद्देश्य प्राप्त गर्नका लागि सामूहिक रुपमा मिलेर गरिने सहकार्यलाई बुझाउँछ । मानिसमा रहेको आफ्नो क्षमतालाई सामूहिक रुपमा उपयोग गरी बढी उपलब्धी हासिल हुने प्रणाली सहकारी हो । कमजोर आर्थिक अवस्था भएका व्यक्तिहरु संगठित भएर आफ्ना आर्थिक उन्नतिका लागि आफैं कुनै कार्य गर्दछन् भने यसलाई सहकारिता भनिन्छ । जुन स्वायत्त संगठन हो । साथै स्वेच्छिक रुपमा एकजुट भई आफ्ना समान आर्थिक, सामाजिक तथा सांस्कृतिक आवश्यकताहरुको परिपूर्ति संयुक्त स्वामित्व तथा प्रजातान्त्रक रुपमा नियन्त्रित उद्योगमार्फत् गर्न चाहन्छन् (कार्यालय सञ्चालन तथा लेखा, पाठ्यक्रम विकास केन्द्र, सानोठिमी भक्तपुर) । हुबर्ट कालभेस्टका अनुसार, सहकारी त्यस्तो किसिमको संगठन हो, जसमा व्यक्तिहरु मानवीय नाताले समान आधारमा स्वेच्छिक रुपमा एकजुट भई उनीहरुका आर्थिक चाहनाहरुको प्रवर्द्धन गर्दछन् । (Hubert Calvest, Jan 19, 2011) ।

सीमित स्रोत र साधन भएका व्यक्तिहरु आपसमा मिली उपलब्ध स्रोत र साधनलाई एकीकृत गरी सामाजिक, आर्थिक तथा सांस्कृतिक लाभ प्राप्तिका लागि प्रजातान्त्रिक ढंगबाट सहकार्य गर्ने गरी गठन गरिएको संगठन नै सहकारी हो । तसर्थ आर्थिक, सामाजिक तथा सांस्कृतिक उद्देश्य प्राप्तिका लागि समान अधिकार सहित स्वेच्छिक संगठन नै सहकारी हो । सहकारी आफ्ना सदस्यहरु तथा समुदायिप्रति पूर्णरुपले समर्पित हुन्छन् । सहकारिता र सहकारिताका सिद्धान्तले मानिसलाई असल संस्कार र सामाजिक भावनाको विकास गर्न महत्वपूर्ण भूमिका खेल्ने गर्दछ । उदारता, त्याग र सहयोगको समिश्रण नै सहकारिता भएकोले यसले सामूहिक एकता तथा बलको सिर्जना गर्दछ । सहकारी आपसी सद्भावना, सहयोग, समानता, नविनता तथा पृथकतालाई अँगालेर निरन्तर अग्रगति तर्फ अग्रसर रहन्छन् । समस्याको हल गर्न, सबैलाई जुटाउन र परिचालन गर्न सक्ने प्रक्रिया सहकारिता हो । त्यसैले सहकारीलाई सामाजिकीकरणको महत्वपूर्ण प्रक्रिया मानिन्छ ।

प्रजातान्त्रिक ढंगबाट समान र सामूहिक हितका लागि निर्णय गर्ने निर्णयलाई इमान्दारिताका साथ कार्यान्वयन गर्नु सहकारीको नीति हो भने स्थानीयस्तरमा अधिकतम् अवसरहरु सिर्जना गरी आफ्ना सदस्य तथा समुदायलाई लाभ पुऱ्याउनु यसको लक्ष्य हो । आजको समाजमा आर्थिक सम्पन्नताले सबै पक्षलाई प्रभाव पार्दै गइरहेको छ । आर्थिक

क्रियाकलापमा आधुनिक तथा नयाँ प्रविधिहरु अपनाउँदै गईरहेको अवस्था छ । जसले समाजमा नयाँ संस्कार र संस्कृति विकास हुँदै जाने गर्दछ । विकसित पूँजीवादी संस्कृतिले सामाजिक चरित्रका महत्वपूर्ण पक्षहरुमाथि असर गर्दै आइरहेको छ । वर्तमान समयमा आर्थिक रुपमा सबल बन्न स्रोत साधनमाथिको स्वामित्व कब्जा गरेर, अरुलाई शोषण गरेर केही सीमित व्यक्ति तथा समूह मात्र शक्तिशाली बन्ने प्रवृत्तिले तीब्रता पाइरहेको अवस्था छ । फलस्वरुप मानिसले कहिले पनि शान्ति र आनन्द प्राप्त गर्न सकेको छैन । समाजमा मानवीय वातावरण कायम राख्न समुदायमा सामूहिक भावना तथा सेवाभावको वातावरण चाहिन्छ । यस्तो वातावरण सामूहिक हित, भलाईमा लाग्ने कामबाट मात्र सम्भव छ । मानवीय मूल्य र मान्यतालाई कायम राखेर गरिएको आर्थिक उन्नति नै वास्तविक विकास र सफलता हो ।

आफ्ना साझा उद्देश्य प्राप्त गर्न व्यक्तिहरुको समूह मिलेर गरिने कार्यलाई सहकारी भनिन्छ । साझा उद्देश्य भएका व्यक्तिहरुले सामूहिक प्रयत्न र सहभागिताबाट आफ्ना आवश्यकता परिपूर्ति गर्न बनाइएको संगठन सहकारी संस्था हो । सँगसँगै मिलेर काम गर्नुलाई सहकार्य भनिन्छ । सहकार्य गरेर साझा उद्देश्य प्राप्त गर्ने कार्य सहकारीमा हुन्छ । सहकारी संस्था व्यवसायिक संगठन हुन् । यस्ता संस्थाहरु सदस्य र समुदायका आवश्यकताका वस्तु तथा सेवाहरुको व्यापार गर्दछन् । त्यसबाट आर्जन गरेको मुनाफा सामूहिक स्वामित्वमा रहने कोष बनाउने, शेयरको मुनाफा, संस्थागत विकास, तालिम, सामुदायिक विकास, कर्मचारी पारिश्रमिक आदि कार्यमा प्रयोग गर्दछन् । (शाक्य, २०३८) । अमेरिकी कृषि विभाग (१९८७) का अनुसार सहकारी भन्नाले उपभोगकर्ताको स्वामित्व, उपभोगकर्ताको नियन्त्रण रहने व्यवसाय जसले उपभोगका आधारमा फाइदाहरु आफूबीच बाँडफाँड गर्दछन् ।

त्यसैगरी सहकारी व्यक्तिहरुको सीमित, साधन भएको त्यस्तो संगठन हो, जसमा उनीहरुको स्वेच्छिक रुपमा सहभागिता रहेको हुन्छ र आफ्ना साझा आर्थिक उद्देश्यहरु पूरा गर्न प्रजातान्त्रिक विधिले संचालन हुने व्यवसायिक संगठन बनाउन समानुपातिक रुपमा पूँजीमा योगदान गर्दै शुद्ध जोखिम तथा फाइदा बाँडफाँड गर्न स्वीकार गरेका हुन्छन् ( अन्तर्राष्ट्रिय श्रम संगठन- (ILO Recommendation 193)। अन्तर्राष्ट्रिय सहकारी महासंघका अनुसार, सहकारी संस्था संयुक्त स्वामित्व तथा प्रजातान्त्रिक रुपमा नियन्त्रित व्यवसाय मार्फत् आफ्ना साझा आर्थिक, सामाजिक र सांस्कृतिक अवाश्यकता तथा आकांक्षाहरु परिपूर्ति गर्न स्वेच्छिक रुपमा एकजुट हुने व्यक्तिहरुको स्वायत्त संगठन हो (अन्तर्राष्ट्रिय सहकारी महासंघ, १९९५)

शोषण र होडबाजीलाई उन्मूलन गरी पारस्परिक सहयोग र आपसी सद्भावनाका आधारमा आदर्श समाज स्थापना गर्ने हेतुले सन् १८४४ को २४ अक्टोवरमा बेलायतका उद्योगपति रबर्ट ओवेनले बेलायतको राच्डलमा रोच्डेल सोसाइटी अफ इक्विटेबल पायोनियर्स

(Rochale Society of Euitable Pioneers)नामक उपभोक्ता सहकारी संस्थाको स्थापना गरी सहकारिताको शुरुवात गरेका हुन् । त्यसपछि सहकारिताको विस्तार जर्मनी, इटली, फ्रान्स, जापान जस्ता देशहरुमा हुन थाल्यो । जर्मनीमा साहुहरुको चर्को ब्याजदरबाट पीडित किसानलाई मद्दत गर्न सन् १८५० मा शुल्जले पहिले सहकारी ऋण संस्था खोले । रेफिसनले ग्रामीण क्षेत्रसम्म ऋण संस्थाहरुको विस्तार गरे । इटलीमा सन् १८६६ मा लुजारीको सक्रियतामा सहकारी बैंकको र १८८३ मा ओलेमवर्गको सक्रियतामा ग्रामीण विकास बैंकको स्थापना गरियो । सहकारिताको क्रमिक विकासको फलस्वरुप सन् १८९५ मा बेलायत अन्तर्राष्ट्रिय सहकारी संस्था (International Co=operative Alliance)को स्थापना भयो (रोवर्ट ओवेन) ।

नेपालमा गुठी धर्म भकारी, मङ्काखल, धर्म र ढिकुटीको रुपमा थिए । प्राचीन समयदेखि नै एकका लागि सबै र सबैका लागि एक भन्ने भावनाका साथ सहकार्यका लागि स्थानीय स्तरमा अनौपचारिक संगठनहरु खडा गरिएको हुन्थे । राणाकालिन समयमा पनि सहकारीको अनौपचारिक संस्थाहरु प्रचलनमा रहेको इतिहासबाट थाहा हुन्छ । नेपालमा औपचारिक रुपमा चितवनको शारदानगरमा वि.सं. २०१३ साल चैत्र २० गते स्थापना गरिउको असीमित दायित्व भएको, ‘बखान ऋण सहकारी संस्था’ नै नेपालको पहिलो कानुनी मान्यता प्राप्त सहकारीको स्थापना भयो । तर यस्ता संस्थाहरुले संस्थामा आवद्ध विभिन्न व्यक्ति वा सदस्यहरुको सामाजिक तथा आर्थिक पक्षमा के-कस्तो प्रभाव पाऱ्यो र पारिरहेछ भन्ने विषयको अध्ययन यस अनुसन्धानको मुख्य विषय हो ।

## १.२ समस्याको कथन

वर्तमान समयमा सामाजिक, साँस्कृतिक लगायत आर्थिक सम्वृद्धि सबैका लागि आवश्यक छ । समुन्नत जीवन र समृद्ध समाजको निर्माण आजको मुख्य आवश्यकता हो । यसका लागि आफूसँग भएका स्रोत र साधनहरुको अधिकतम प्रयोग र त्यसको न्यायोचित विवरण गरी सामाजिक असमानतालाई हटाउन सामूहिक उद्देश्य प्राप्तिका लागि गरिने विभिन्न माध्यमहरु मध्ये सहकारी एउटा उत्तम माध्यम बन्न पुगेको छ । जनसंख्याको आधाभन्दा बढीको संख्यामा रहेक महिलाहरु पुरषको तुलनामा सामाजिक, साँस्कृतिक, आर्थिक एवं राजनीतिक क्षेत्रमा पछाडि छन् । जसको प्रमुख कारण समाजमा विद्यमान पितृसत्तत्मक सामाजिक संरचनालाई लिने गरिन्छ । समाजमा सामाजिक, आर्थिक, साँस्कृतिक, धार्मिक लगायत लैङ्गिक विभेदहरु अझै पनि कायमै पाइन्छ । महिलाहरु विभिन्न प्रकारका थिचोमिचो आर्थिक शोषण, श्रम शोषण, यौन शोषण, मनोवैज्ञानिक शोषणबाट पीडित छन् । सन् १९८० को दशक पश्चात् राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा समानताका पक्षमा थुप्रै वहसहरुका साथै महत्वपूर्ण दस्तावेजहरुमा सहमतिका हस्ताक्षरहरु भएका छन् । महिला विकासका लागि

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा विभिन्न प्रकारका क्रियाकलापहरु भइरहेका छन् । यद्यपि महिलासँग सम्बन्धित अध्ययन अनुसन्धानहरु तथा महिलाका विभिन्न सामाजिक, साँस्कृतिक आर्थिक एवं राजनैतिक विषयहरुसँग सम्बनिधत थुप्रै अनुसन्धानहरु भएका छन् । तर विगतमा भएका यी अनुसन्धानहरुले सहकारीमा आवद्ध महिलाहरुको अनुवहरुलाई समेट्न नसकिरहेको र सहकारीमा आवद्ध भइसकेपछि महिलाहरुको जीवनस्तरमा आउने परिवर्तनको बारेमा अध्ययन अनुसन्धानहरु उल्लेख्य नभएकोले यस अध्ययनमा सहकारीसँग आवद्ध महिला सदस्यहरुको अनुभवहरुलाई व्याख्या गर्दै उनीहरुको जीवनशैलीमा आएको परिवर्तनहरुको बारेमा प्रकाशन पार्दै निम्नलिखित अनुसन्धान प्रश्नहरुमा यो अध्ययन केन्द्रित छ । सहकारी भनेको के हो ? सहकारीसँग आवद्ध भइसकेपछि महिलाहरुको सामाजिक तथा आर्थिक जीवनशैलीहरुमा के-कस्ता परिवर्तनहरु आए ? सहकारीले महिलाहरुको दैनिक जीवनशैलीमा कस्तो प्रभाव पार्‍यो ? सहकारीसँगको आवद्धतासँगै महिलाहरुको प्रवृत्ति र सोचाइहरुमा के-कस्तो प्रभाव पार्‍यो ?साथै सहकारीसँगको दैनिक सहकार्यले महिलाप्रति समाजले हेर्ने दृष्टिकोणबाट कस्तो परिवर्तन रह्यो ?

## १.३ अध्ययनको उद्देश्य

यस अध्ययनको उद्देश्यहरु निम्न रहेका छन्:

- सहकारी सदस्य महिलाहरुको सामाजिक तथा आर्थिक अवस्थाको विश्लेषण गर्नु,
- सहकारीले महिलाहरुको आर्थिक अवस्थामा ल्याएको परिवर्तनको अध्ययन गर्नु,

## १.४ अध्ययनको महत्व

हाम्रो समाजमा हाल पनि पितृसत्तात्मक शैलीबाट नै अगाडि बढिरहेको छ । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा समानताका पक्षमा थुप्रै वहसका साथै महत्वपूणए दस्तावेजहरुमा सहमतिका हस्ताक्षरहरु भए तापनि नेपाल लगायत एशियाली मुलुकका अधिकांश ग्रामीण महलिाहरुको सामाजिक, आर्थिक तथा लैङ्गिक विकासमा खासै प्रभावकारिता देखिन सकेको छैन । महिलाहरु माथि शारीरिक, मानसिक तथा सामाजिक हिंसा हुने गरेको हाम्रो साम् प्रष्टै छ ।

महिलाहरुको शिक्षा, स्वास्थ्य, रोजगारीमा पहुँच वृद्धि गर्न, उनीहरुमा नेतृत्व गर्ने क्षमताको विकास गर्न, निर्णय गर्ने क्षमताको विकास गर्न सहकारीको विशेष महत्व छ । त्यसैले महिलाहरुलाई संगठित गरी उद्यमशीलतातर्फ उनीहरुलाई स्थानीय स्तरमै आय-आर्जन गर्न सक्षम बनाउन एकै प्रकारले सहकारी विशेष सहयोगी बनिरहेको छ । त्यसैगरी महिला हिंसा, बेचबिखन र अन्य सामाजिक कुरीति तथा अन्धविश्वासबाट बच्न सामूहिक पहल गर्न

समेत सहकारीले उनीहरुलाई प्रोत्साहन गरेको छ । सहकारीमा सदस्य रहेका महिलाहरुको सामाजिक तथा आर्थिक अवस्थाको जानकारी लिनको लागि यो अध्ययन महत्वपूर्ण रहेको छ । यस शोधकार्यमा सहकारी सदस्य महिलाहरुको सामाजिक तथा आर्थिक अवस्था कस्तो रहेको छ भन्ने कुरा शूक्ष्म रुपले अध्ययन गरिएको छ । हाल उनीहरुको सामाजिक, आर्थिक, अवस्थामा के-कति सुधार आएको छ, त्यसको बारेमा जान्नको लागि पनि यो अध्ययन महत्वपूर्ण रहेको छ । यस अध्ययनको निचोडलाई समग्र नेपाली महिलावर्गको सामाजिक, आर्थिक अवस्थामा परिवर्तन ल्याउन सहकारीले खेलेको भूमिकाका बारेमा बुझ्न चाहने स्वदेशी तथा विदेशी अनुसन्धानकर्ताहरु, समाजशास्त्र तथा मानवशास्त्रका शोधकार्य गर्ने विद्यार्थीहरु तथा संघसंस्थाहरुले द्वितीय सामाग्रीको रुपमा प्रयोग गर्न सक्दछन् ।

## १.५ अध्ययनको संगठन

यस अध्ययनबाट संकलित तथ्याङ्कहरुको विवरणलाई संगठित रुपले प्रस्तुत गरिएको छ । जसलाई पाँच अध्यायमा बर्गीकरण गरिएको छ । जुन अध्याय एकमा परिचय, समस्याको कथन, अध्ययनको उद्देश्य, अध्ययनको महत्व राखिएको छ । अध्याय दुईमा पूर्व साहित्यको पुनरावलोकन प्रस्तुत गरिएको छ । साहित्यको पुनरावलोकनले शोधकार्यलाई सही दिशा प्रदान गर्न, स्तरवृद्धि र निष्कर्ष निकाल्न सहयोग गर्दछ । त्यसैगरी अध्याय तीनमा अनुसन्धान पद्धति राखिएको छ । यस अध्यायमा शोधकार्यका लागि आवश्यक तथ्याङ्क संकलनका लागि आवश्यक विभिन्न अनुसन्धान विधि र प्रक्रियाहरुको बारेमा विश्लेषण गरिएको छ । अध्याय चारमा महिलाहरुको सामाजिक तथा आर्थिक अवस्था र परिवर्तन बारेमा उल्लेख गरिएको छ । अध्याय पाँचमा अध्ययनको सारांश, निष्कर्ष तथा सुझावहरु प्रस्तुत गरिएको छ ।

# अध्याय - दुई
# पूर्वसाहित्यको पुनरावलोकन

## २.१ पूर्वसाहित्यको अध्ययन

पूर्वसाहित्यको अध्ययन अनुसन्धान गर्नुभन्दा अगाडि उक्त विषयको बारेमा पहिले भइसकेका अध्ययन अनुसन्धानहरुको बारेमा जानकारी लिनु आवश्यक हुन्छ । जसले शोधकर्ता उक्त विषयमा के-कस्तो नयाँ कुराहरु अध्ययन गर्न बाँकी छ भन्ने कुरा थाहा हुन्छ । तसर्थ अध्ययन क्षेत्रमा जानुभन्दा पहिले आफूले अनुसन्धान गर्न लागेको विषयको बारेमा प्रकाशित विभिन्न पुस्तक, पत्रपत्रिका, लेख, रचना, शोधकार्यहरुको गहिरो अध्ययन गर्न आवश्यक हुन्छ । जसले शोधकार्यलाई सही दिशा प्रदान गरी शोधकार्य गर्न सरल हुन्छ ।

सहकारिता मानिसले विकासक्रमको लामो समयपछि आर्जन गरेको अनुभवको एउटा आर्थिक प्रावधान सहितको सामाजिक प्रक्रिया हो । साझा उद्देश्य भएका व्यक्तिहरुको सामूहिक प्रयत्न र सहभागिताबाट आफ्ना आवश्यकताको परिपूर्ति गर्न बनाइएको संगठन र सहकारी संस्था हो । सहकारी आत्मनिर्भर, स्वायत्त र सदस्यहरुको साझा स्वामित्व भएको संस्था हो । सहकारी संस्थाहरु व्यवसायिक संगठन हुन्, यस्ता संस्थाहरु आफ्ना सदस्य र समुदायका आवश्यकताका वस्तु तथा सेवाहरुको व्यापार गर्दछन् । त्यसबाट आएको मुनाफा समानुपातिक रुपमा आफ्ना सदस्यहमा वितरण गरिन्छ ।

“प्रजातान्त्रिक तथा समतामूलक संस्कृतिको निर्माणतर्फ उन्मुख समाजमा सहकारी आन्दोलनको महत्व आर्थिक जीवनमा मात्र सीमित हुँदैन सामाजिक तथा नैतिक मूल्यहरुलाई स्थापित गर्न समेत सहयोग पुऱ्याएको हुन्छ । ग्रामीण क्षेत्रको बाहुल्यता रहेको हाम्रो जस्तो मुलुकमा सहकारिता विशेष गरी ग्रामीण समुदायको सर्वपक्षीय विकासको माध्यम बन्न सक्छ । साथै ग्रामीण गरिबी निवारण कार्यक्रममा पनि सहकारिता एउटा सशक्त माध्यम हुन सक्छ” (सहकारी सम्वाद, २०५०) ।

Hubert Calvestका अनुसार, सहकारी त्यस्तो किसिमको संगठन हो, जसमा व्यक्तिहरु मानवीय नाताले समान आधारमा स्वेच्छिक रुपमा एकजुट भई उनीहरुको आर्थिक चाहनाहरुको प्रवर्द्धन गर्दछन् । ILO का अनुसार, सहकारी व्यक्तिहरुको सीमित साधन भएको त्यस्तो संगठन हो, जसमा उनीहरुको स्वेच्छिक रुपमा सहभागिता रहेको हुन्छ र आफ्ना साझा आर्थिक उद्देश्यहरु पूरा गर्न प्रजातान्त्रिक विधिले सञ्चालन हुने व्यवसायिक संगठन बनाउन समानुपातिक रुपमा पूँजीमा योगदान गर्दै शुद्ध जोखिम तथा फाइदा बाँडफाँड गर्न स्वीकार गरेका हुन्छन् ।

यस प्रकार विश्वमा गरिएको सहकारीको अभ्यासबाट सहकारीको प्रक्रियाबाट आर्थिक क्षेत्रका सबै उद्योग व्यवसाय संगठित गरी सञ्चालन गर्न सकिने तथ्यलाई पुष्टि गर्दछ । विश्वमा दुई खाले सहकारी प्रचलित छन् । पहिलोमा सदस्यहरुलाई सेवा र वस्तु आपूर्ति गर्ने गर्दछन् भने दोस्रो प्रकारमा सदस्यहरुलाई रोजगारीको अवसर सिर्जना गर्ने गर्दछन् । सहकारी अर्थव्यवस्थाको बहुआयामिक विषय हो ।

सहकारीको थालनी १९औं शताब्दीमा युरोपबाट शुरु भएको हो । युरोपको पनि बेलायत र फ्रान्सबाट सहकारीको अभ्यास शुरु गरिएको थियो । पभोक्ता सहकरीको स्थापनाको लागि बेलायत, वित्तीय सहकारीको लागि जर्मनी र श्रमिक सहकारीको लागि फ्रान्सले ऐतिहासिक अग्रता हासिल गरेका छन् । औद्योगिक क्रान्तिले तत्कालिन विश्वको सामाजिक-आर्थिक अवस्थामा ठूलो परिवर्तन ल्यायो । औद्योगिक क्रान्तिले युरोपभरि सहकारीको विकासलाई बाध्यात्मक बनाइदियो । सन् १४९८ मा स्कटल्याण्डको अबरदिन भन्ने शहरमा 'The shore partners' society' लाई विश्वको पहिलो सहकारी हो भनिन्छ । तर यो सहकारी छोटो समयमै कम्पनीमा परिणत भई सहकारीको अस्तित्वमा कायम रहन नसक्दा पहिलो सहकारीको रुपमा यसलाई स्वीकार गरिएन । तसर्थ सन् १८४४ डिसेम्बर २१ मा बेलायतको रोच्डेल शहरमा स्थापना भएको Rochdale society of Equitable pioneersलाई पहिलो सहकारी संस्थाको रुपमा लिइन्छ । स्थापना कालमा २८ जना मजदुरहरुको साझा प्रयासबट रोचडेल सोसाइटी स्थापना भएको थियो । रोचडेलल सोसाइटीले सन् १८५० र १८५५ बीचको अवधिमा उपभोक्ता सहकारी बाहेक, एउटा पिठो पिस्ने मिल, एउटा जुत्ता कारखाना र एउटा कपडा कारखानाको स्थापना गऱ्यो । यसरी बेलायतमा पहिलो उपभोक्ता सहकारी स्थापनापछि सहकारी संस्था खुल्ने क्रम जारी रह्यो । रोवर्ट ओकेनले समानता (euality), समता (Equity)र एक अर्काबीच सहयोगलाई सहाकरीको ३ प्रमुख सिद्धान्तको रुपमा लिएका थिए । पहिलो सहकारी संस्थालाई तत्कालिन बेलायतको कानून (Act 10$^{th}$ George IV, and amendment of 4$^{th}$ and 5$^{th}$ William IV)बमोजिम दर्ता गरिएको थियो । मानिसहरुलाई सदस्यको रुपमा सेवा दिईरहेको छ । रोवर्ट ओवेनले सहकारीका प्रमुख तीनवटा सिद्धान्तका साथमा सहकारी सञ्चालनको लागि निम्न नियमहरु बनाएका थिए ।

- खुला तथा स्वेच्छिक सदस्यता
- प्रजातान्त्रिक नियन्त्रण
- शेयर पूँजीमा सीमित ब्याज
- कारोबारका आधारमा बचेको रमको वितरण
- नगदमा कारोबार

- सदस्यहरुलाई शिक्षा र तालिम
- राजनैतिक र धार्मिक तटस्थता
- विघटन पछि सामाजिक कामको लागि सम्पत्तिको हस्तान्तरण

यसरी सहकारीमा व्यक्तिहरुलाई स्वेच्छिक रुपमा कुनै पनि प्रकारको भेदभाव नराखी खुला सदस्याको व्यवस्था गरिएको छ । सहकारीमा सदस्यहरुको आर्थिक तथा सामाजिक हितको लागि काम गरिन्छ ।

संयुक्त राष्ट्र संघले सहकारीलाई देशको आर्थिक तथा सामाजिक विकासमा योगदान पुऱ्याउने माध्यमको रुपमा स्वीकार गरेको छ । त्यसैगरी संयुक्त राष्ट्र संघले उपभोक्ता सहकारी, खरिद, सहकारी, उत्पादन सहकारी र श्रमिक सहकारीको विकासलाई उच्च महत्व दिएको पाइन्छ । सहकारीको सामाजिक सद्भाव बलियो बनाउन सहयोग गर्नुको साथै गरिबी न्यूनीकरण गरी कमजोर आर्थिक अवस्था भएकाहरुको परनिर्भरता कम गर्ने गर्दछ । वास्तवमा सहकारी कमजोर आर्थिक अवस्था भएका व्यक्तिले आफ्नो गरिबीबाट मुक्त हुन खोलेको स्वायत्त संगठन हो

## २.२ सहकारी विकासको तुलनात्मक अध्ययन

### बेलायतमा सहकारीको विकास

सहकारीको थालनी १९औं शताब्दीमा युरोपबाट शुरु भएको हो । युरोपको पनि बेलायत र फ्रान्सबाट सहकारीको अभ्यास शुरु गरिएको थियो । औद्योगिक क्रान्तिले तत्कालिन विश्वको सामाजिक-आर्थिक अवस्थामा ठूलो परिवर्तन ल्यायो । औद्योगिक क्रान्तिले युरोपभरि सहकारीको विकासलाई बाध्यात्मक बनाइदियो । आधुनिक सहकारीको शुरुवात सन् १८४४ मा बेलायतबाट शुरु भएको थियो । मानव सभ्यताको विकाससँगै समूहभित्र काम बाँडफाँड गर्ने, मिलेर सहकार्य गर्ने प्रचलन शुरु भएको थियो । बेलायतका उद्योगी रोबर्ट ओवेनलाई सहकारीको जन्मदाता मानिन्छ । उनको जन्म सन् १७१ को मे १४ मा बेलायतको वेल्स राज्य अन्तर्गत न्यू टाउन नाम गरेको सानो शहरमा भएको थियो । शोषण र होडबाजीलाई अन्त गर्दै समतामूलक समाजको विकास गर्ने हेतुले बेलायतको रोचडेमा 'रोचडेल सोसाइटी अफ इक्वीटेबल पायोनियर्स' नामक उपभोक्ता सहकारीको रोबर्ट ओवेनले संस्थापना गरे । कमजोर आर्थिक अवस्थाका व्यक्तिहरुको आर्थिक अवस्थालाई माथि उठाउन सहकारीले महत्वपूर्ण भूमिका निर्वाह गरेको पाइन्छ ।

रोचडेल सोसाइटीले सन् १८५० र १८५५ बीचको अवधिमा उपभोक्ता सहकारी बाहेक, एउटा पिठो पिस्ने मिल, एउटा जुत्ता कारखाना र एउटा कपडा कारखानाको स्थापना गऱ्यो ।

यसरी बेलायतमा पहिलो उपभोक्ता सहकारी स्थापनापछि सहकारी संस्था खुल्ने क्रम जारी रह्यो । (wikipedia, history of co-operative movement)

**डेनमार्कमा सहकारीको विकास**

डेनमार्कमा सहकारीलाई विश्वभरमा उदाहरणको रुपमा लिइन्छ । डेनमार्कमा सहकारीको विकास शैक्षिक सुधारक N.F.S. Crundtvigर Danish Folk High School को नाम अगाडि आउँछ । Folk High School को जन्मदाता Grundtvig नै थिए । यस स्कुलमा किसान समुदायलाई आर्थिक रुपले सवल बनाउन जीवन उपयोगी शिक्षा दिने व्यवस्था गरिएको थियो । डेनमार्कमा सर्वप्रथम सन १८४४ मा पहिलो Foldk High School को स्थापना Grundtvig ले गरेका थिए । तीन वर्षको अवधिमा डेनमार्कमा तत्कालिन अवस्थामा कृषि उत्पादनमा आएको ह्रास र बजारको समस्याले गर्दा पनि किसानहरु एक आपसमा गोलबन्द भई उत्पादन वृद्धि र बजार व्यवस्थापन गर्नका लागि सहकारीको विकास हुन पुगेको मानिन्छ । सन् १८२२ मा किसानहरुले आफ्नै अग्रसरतामा पहिलो डेरी सहकारीको स्थापना गरिएको थियो । डेनमार्कमा सहकारीमा आवद्ध पशुपालक किसानहरुले सहकारीले बनाएका नियम र प्रक्रियालाई अनिवार्य रुपमा पालना गर्नै पर्ने संस्कृतिको विकास गरिएकाले डेनमार्कको डेरी उत्पादन विश्व कै उत्कृष्ट मानिन्छ । पशुपालनसँग जोडिएको मासु व्यवसायमा समेत डेनमार्कमा सहकारीको विशेष भूमिका रहेको छ । सन् १८९५ मा किसानहरुको सहकारी निर्माण भयो । जसले किसानलाई आवश्यक पर्ने सामान र प्राविधिक सेवाको लागि उसको मुख ताक्नु परेन । डेनमार्कलाई कृषि सहकारीको अगुवाई गर्ने मुलुकको रुपमा हेरिन्छ । डेनमार्कमा कुल कृषि उत्पादनको दुई तिहाई भाग निर्यात हुन्छ । यहाँ कृषकहरु सहकारीको माध्यमबाट संगठित भई आफ्नो पेशालाई सफल बनाउन सक्षम भएका छन् । डेनमार्कमा सहकारीमा आवद्ध सदस्यहरुले शेयर फिर्ता लिन पाउँदैनन् । सहकारीमा दायित्व असीमित हुन्छ र आफू आवद्ध सहकारीसँगको कारोबारमा तलमाथि पर्ने गरी अरुसँग कुनै सम्झौता गर्न सक्दैनन् । यसरी सकारीका सदस्यहरु आफू सदस्य रहेको सहकारी प्रति सधैं समर्पित भइरहन्छन् । (Daish co-operative movement)

**अमेरिकामा सहकारीको विकास**

अमेरिकामा सन् १७५२ मा स्थापना भएको Mutual Fire Insurance Company लाई सहकारीको पहिलो प्रारुपको रुपमा उल्लेख गरिएको छ । त्यसपछि सन् १८६७ मा The Grangeनामको सहकारीको स्थापना भएको देखिन्छ । The Grangeसहकारीका प्रतिनिधिहरुले युरोप भ्रमण गरी Rochdale Principlesको अनुशरण गरी अमेरिकामा Cooperative stores सञ्चालन गरे । अमेरिकामा सन् १८९० देखि सन् १९२० सम्म सहकारी संस्थाको विस्तारको अवधि मानिन्छ । त्यसबेला अमेरिकामा १४ हजार ‍िित्तय सहकारीहरु सञ्चालनमा रहेका थिए ।

किसानहरुको सहकारीहरुलाई वित्तिय मध्यस्ताको सेवा पुऱ्याउन Farm Credit System को विकास गरियो । ग्रामीण क्षेत्रमा विद्युतीकरण र टेलिफोन सेवा प्रवाह गर्न Rural Electric Cooperative Corporationको स्थापना भएको पाइन्छ । हाल अमेरिकाको ग्रामीण तथा शहरी क्षेत्रमा आवास, वित्तीय सेवा, उपभोक्ता पसल, शिक्षा र दूरसञ्चारको क्षेत्रमा सहकारी लोकप्रिय रहेको छ । हालै National Cooperative Business Assocaitonको प्रतिवेदन अनुसार अमेरिकामा ४८ हजार सहकारी संस्थाहरु स्थापना भइसके । यी सहकारीले १२ करोड अमेरिकी नागरिकलाई सदस्य बनाई सेवा पुऱ्याइएको छ । अमेरिकामा अहिले २ हजार कृषि सहकारी सक्रिय छन् । कृषि सहकारीले विशेषतः उत्पादनको बजारीकरण, कृषिका लागि आवश्यक पर्ने सामाग्रीहरुको आपूर्ति तथा कृषि व्यवसायलाई प्रवर्द्धन गर्न आवश्यक पर्ने प्राविधिक सेवाहरु पुऱ्याउने काम गर्दछन् । त्यसैगरी अमेरिकामा १५ सयभन्दा बढी Mutual Insurance Company हरुले अमेरिकी नागरिकहरुलाई बीमा सेवा दिइरहेका छन् । यी कम्पनीहरुमा बिमाका पोलिसी होल्डरहरुको सम्बन्ध रहेको हुन्छ । अमेरिका र युरोपमा यस्ता म्यूचुअल कम्पनीलाई सहकारी कै श्रेणीमा राखिन्छ । यी म्यूचुअल बीमा कम्पनीलाई २३ करोड ३० लाख सदस्यहरु आवद्ध रहेका Mutual Insurance कम्पनीहरु मध्ये Sate Farm Mutual Insurance र National wide Mutual Insurance लाई सबैभन्दा ठूला कम्पनी मानिन्छन् । (curl Jonh 1980)

### जापानमा सहकारीको विकास

जापानमा सहकारीको शुरुवात मेइजी काल (सन् १८६८-१९१२) अगाडि भएको पाइन्छ । जापानमा किसानहरुले खोलेका ऋण संघहरुबाट सहकारीको शुरुवात भएको पाइन्छ । जापानमा आधुनिकीकरण र औद्योगिकीकरणका कारण साना उत्पादकहरुले ठूला उत्पादकसँग प्रतिस्पर्धा गर्न नसकेपछि सहकारीको विकास अपरिहार्य बन्न पुग्यो । सन् १८७० र ८० को दशकमा जापानको शिजुओका र गुनमा प्रान्तमा रेशम र चिया उत्पादक किसानहरुले सहकारीको स्थापना गरे । जापान सरकारले सन् १९०० मा सहकारी कानूनको निर्माण गऱ्यो । सन् १९१० मा जापानमा केन्द्रीय सहकारी संघ (शाङ्यो कुमीआइ चुओकेई) को स्थापनाले सहकारी अभियानलाई राष्ट्रिय स्तरमा प्रवर्द्धन गर्न नेतृत्व प्रदान गऱ्यो ।

प्रथम विश्व युद्धको समाप्तिपछि मन्दीको अवस्था सिर्जना भई सहकारी संस्थाहरुमा समेत प्रतिकूल अवस्थाको सिर्जना हुन पुग्यो । सन् १९२३ मा राष्ट्रिय आपूर्ति संघ र सहकारी केन्द्रीय बैंकको स्थापना भयो । त्यसैले सन् १९३३ मा कृषि पेशामा युवाहरुलाई आकर्षित गर्न र युवा शक्तिको संगठित रुपमा उपयोग गर्न राष्ट्रिय सहकारी युवा परिषद्को स्थापना भएको थियो । सन् १९४७ मा कृषि सहकारी संस्थाहरुको स्थापना हुने व्यवस्था मिलाइयो । कृषि सहकारीहरुले बीमाको अभ्यास पनि यसै समयमा शुरु भएको पाइन्छ । जापानमा सन् १९६०

को शुरुको वर्षहरुमा तीब्र औद्योगिकीकरणका कारण कृषिमा लागेका युवा श्रमशक्ति उद्योगहरुमा जाने क्रम बढ्यो । तसर्थ कृषि उत्पादनमा असर परेकोले सरकारले सहकारीहरुसँग मिलेर काम गरेको देखिन्छ । जापानमा प्राचीन समयदेखि नै सहकार्यको संस्कृतिले गर्दा सहकारीको अभ्यास जापानीहरुको लागि कठिन नभएको देखिन्छ ।

जापानमा कृषि र सहकारीलाई बुझाउन JA शब्द प्रयोगको सन् १९९३ देखि गरिएको पाइन्छ । JA ले Japan र Agricultural भन्ने बुझाउँछ । JA को Liberal Democratic Party सँग बलियो गठबन्धन रहेको छ । जापानमा किसानहरुको हितको लागि JA शब्दले जापानको कृषि सहकारीको समग्र संरचनालाई इंगित गर्दछ । JA ले कृषिको साथमा Supermarket सञ्चालन, निक्षेप संकलन तथा सदस्यहरुलाई ऋण सेवा प्रवाह, बीमा पोलिसीको बिक्री जस्ता सेवा आफ्ना सदस्यहरुलाई उपलब्ध गराइरहेको छ । (Gallen M.FisHer, 1938)।

**भारतमा सहकारीको विकास**

भारतमा सन् १९१२ मा सहकारी समाज ऐन (Cooperaive Societies Act)ल्याएपछि यस ऐनले सहकारीको माध्यमबाट गरिने सबै व्यवसायलाई समेट्न सक्यो । सहकारी समाज ऐलने प्रान्तीय सरकारहरुलाई बेग्ला-बेग्लै सहकारी ऐन ल्याउन समेत अधिकार प्रत्यायोजन गरेको थियो । सन् १९४२ मा भारतले बहुराज्य सहकारी समाज ऐन (Multi-state Cooperative Societies Act) एक राज्य वा प्राप्तबाट अन्य राज्य वा प्राप्तमा समेत कारोबार गर्न सकिने व्यवस्था भयो । भारतमा राष्ट्रिय विकास सहकारीलाई राष्ट्रिय स्तरको माथिल्लो संगठनको रुपमा लिइन्छ । सन् १९६३ मा कृषि क्षेत्रको प्रवर्द्धन गर्न राष्ट्रिय सहकारी विकास संस्थान (National Cooperative Development Corporation - NCDC)को स्थापना भएको पाइन्छ । यसले कृषि सहकारीहरुलाई कृषि उपजहरुको उत्पादन, प्रशोधन, बजारीकरण र निर्यातको काममा सघाउने गर्दछ । भारतमा सहकारीले कृषि ऋणमा ४६ प्रशित, मलखाँद वितरणमा ३६ प्रतिशत, चिनी उत्पादनमा ५९ प्रतिशत, गहुँ उत्पादनमा ३२ प्रतिशत र कृषि उपज भण्डारण सुविधामा ६५ प्रतिशतले योगदान पुर्‍याई रहेको छ । सन् १९६५ मा स्थापना भएको राष्ट्रिय उपभोक्ता सहकारी संघ १३६ सदस्य रहेका छन्, जसमा प्रारम्भिक सहकारी भण्डारहरु, थोक सहकारी समाजहरु, राज्यस्तरका उपभोक्ता सहकारी संघहरु, राष्ट्रिय सहकारी संस्थान (NCDC)र भारत सरकार रहेका छन् ।

भारतको दुग्ध सहकारी गुजरात दुग्ध बजारीकरण सहकारी संघ (Gujarat Cooperative Milk Marketing Federation - GCMMF) रहेको छ । यसमा १२ वटा जिल्लाका दुग्ध सहकारी संघहरु सदस्य छन् । गुजरात राज्यका ३२ लाख किसान परिवार यस दुग्ध सहकारीसँग आवद्ध रहेका छन् । यस दुग्ध सहकारीले दैनिक ९१ लाख लिटर दुध संकलन गरी

प्रशोधन तथा विक्री वितरण गर्दछ भने वार्षिक २५० करोड अमेरिकी डलर बराबरको कारोबार गर्दछ ।

भारत विश्वकै दोस्रो ठूलो चिनी उत्पादक र सबैभन्दा बढी चिनी उपभोग गर्ने मुलुक हो । सन् १९६० मा स्थापना भएको National Federation of Cooperative Suger Factories - NFCSTले सहकारीबाट उत्पादित चिनी आन्तरिक र विश्वबजारको व्यवस्थापन गर्दछ । सहकारीका कारण भारतीय वस्तु उत्पादक किसानहरुले आफ्नो उत्पादनको राम्रो मूल्य पाउनुका साथै वित्तीय र प्राविधिक सुविधाहरु प्राप्त गरेका छन् । (Mandal Puja Dec 4, 2016) ।

**नेपालमा सहकारीको विकास**

नेपालमा राणाकालीन समयदेखि अनौपचारिक रुपमा सहकारीको शुरुवात भएको पाइन्छ । हाम्रो देशमा गुठी, धर्म भकारी, मङ्खाखल, पर्म र ढिकुटी जस्ता सहकार्य गर्ने संस्थाको स्थापनाले सहकारीको झलक दिन्छ । तर यी अभ्यासहरु सामाजिक परम्पराका रुपमा मात्र हाम्रो समाजमा लामो समयसम्म रह्यो तर व्यवसायिक विधिको रुपमा प्रयोगमा आउन सकेन । उपयुक्त राजनैतिक वातावरणको अभाव बाह्य मुलुकहरुसँग जनताको हकमा सहकार्य र सम्बन्ध विकास हुन नसक्दा विश्वमा प्रचलित सहकारीको प्रभाव ढिलो मात्र परेको पाइन्छ ।

सहकारीको क्षेत्रको लागि राज्याको तर्फबाट पहिलो संगठनात्मक व्यवस्थाको रुपमा वि.सं. २०१० सालमा योजना तथा विकास मन्त्रालय अन्तर्गत सहकारी विभागको स्थापना गरिएको थियो । त्यसपछि वि.सं. २०११ सालमा तत्कालिन भूमिसुधार मन्त्री भद्रकाली मिश्रले त्यखिरको माथिल्लो सदन भारदारी सभामा सहकारी समितिको बिल, २०११ पेश गरेको अभिलेखमा देखिन्छ । तर यो बिल पारि नभएकोले कानून बन्न सकेन । नेपालमा वि.सं. २०११ सालको भाद्र महिनामा परेको भीषण वर्षा र बाढीका कारण चितवन क्षेत्रमा जनताहरु घरवार विहित हुन पुगे । त्यसबेला नेपालमा सहकारी सम्बन्धी कानूनको अभावले गर्दा सरकारले आदेश जारी गरी सहकारी संस्था ल्याउनु पर्ने अवस्था बन्यो । फलस्वरुप २०१३ सालमा सरकारको कार्यकारी आदेशबाट चितवनमा सहकारीको स्थापना गरियो । यसप्रकार चितवनको शारदानगरमा २०१३ साल चैत्र २० गते स्थापना गरिएको असीमित दायित्व भएको ‘बखान ऋण सहकारी’ संस्था बन्न पुग्यो । बखान सहकारीसँगै चितवनमा एकै पटक १३ वटा ऋण सहकारीको गठन भयो ।

वि.सं. २०१६ सरकारले सहकारी ऐन प्रकाशित गऱ्यो । वि.सं. २०१८ सालमा नेपाल सरकारले सहकारी नियमावली प्रकाशन गऱ्यो । त्यसैपछि वि.सं. २०१९ सालमा काठमाडौंमा

सहकारी प्रशिक्षण केन्द्रको स्थापना भयो । दोस्रो त्रिवर्षीय योजना अवधिमा भूमिसुधार ऐन ल्याएपछि किसानहरुलाई अनिवार्य बचत गर्नुपर्ने व्यवस्था गऱ्यो । फलस्वरुप वि.सं. २०२४ सालमा भूमिसुधार बचत संस्थानको स्थापना भयो । यसैगरी २०२० सालमा सहकारी बैंकको स्थापना भयो र २०२४ सालमा यो बैंकलाई कृषि विकास बैंकमा रुपान्तरण गरियो ।

त्यसैगरी वि.सं. २०३३ सालमा ग्रामीण विकासका लागि साझा कार्यक्रम अन्तर्गत ३० जिल्लाहरुमा बहुउद्देश्यीय सहकारी संस्थाहरुको स्थापना गरियो । वि.सं २०३८ सालमा तराईका २० जिल्लामा सघन साझा कार्यक्रम सञ्चालन गरियो । वि.सं. २०४१ सालमा साझा संस्था ऐन तथा २०४३ सालमा नियमावली जारी गरियो । साझा ऐन, २०४१ लागू भएछि साझा अभियानलाई सरकारीकरण गर्ने सहकारी संघले अन्तर्राष्ट्रिय सहकारी महासंघ सदस्यता प्राप्त गऱ्यो । नेपाल सरकारले २०४८ ले सहकारी स्थापना गरेपछि सहकारीको संख्यामा विस्तार भयो । पछिल्लो तथ्याङ्क अनुसार सहकारीमा करिब ३८ लाख सदस्य पुगेको छ भने महिलाहरुको सहभागिता ४० प्रतिशत भन्दा बढी रहेको छ ।

नेपालमा रहेका २७ हजार सहकारीमध्ये ६५ प्रतिशतले बचत तथा ऋणको कारोबार गरिरहेका छन् । कुल वित्तीय कारोबारमा १५ प्रतिशत भन्दा बढीको अंश सहकारी क्षेत्रले ओगटेको छ । सरकारले यहि २०६९ साल जेष्ठ ५ गते सहकारी तथा गरिबी निवारण मन्त्रालयको गठन गरेको छ (सहकारी विभाग) ।

# अध्याय-तीन
# अनुसन्धान विधि

कुनै पनि कार्य सञ्चालन गर्ने आ-आफ्नै निश्चित प्रक्रिया र पद्दतिहरु हुन्छन् । काम गर्ने निश्चित प्रक्रिया र पद्दतिलाई नै विधि भनिन्छ । कुनै पनि विषयवस्तुमा खोज तथा अनुसन्धान गर्नु एक जटिल कार्य हो । यद्यपि विषयगत अध्ययनको लागि योजना बनाउने देखि प्राप्त उपलब्धीको विश्लेषण तथा सामान्यीकरण गर्न विधि तथा प्रक्रियाहरु अपनाउनु पर्नेहुन्छ । अध्ययनको समस्याको कथन र उद्देश्यअनुरुप तथ्याङ्क संकलनका लागि तथ्याङ्क संकलन विधिका रुपमा अन्तर्वार्ता अनुसूची, अवलोकलन, प्रमुख जानकार व्यक्तिसँगको अन्तर्वार्ता तथा वैयक्तिक अध्ययनलाई समेटिएको छ । सामान्यतः अनुसन्धान ढाँचा अन्तर्गत वर्णनात्मक एक विश्लेषणात्मक अनुसन्धान ढाँचाको प्रयोग गरिएको छ । यस अध्ययनमा प्राथमिक र द्वितीय स्रोतबा तथ्याङ्क संकलन गरिउको छ ।

## ३.१ अनुसन्धान ढाँचा

यस अध्ययनमा वर्णनात्मक तथा अन्वेषणात्मक दुवै अध्ययन विधिको प्रयोग गरिएको छ । वर्णनात्मक ढाँचाको प्रयोगबाट 'इकुहिटी बचत तथा ऋण सहकारी' संस्थामा सदस्य रहेका महिलाहरुको सामाजिक तथा अवस्थाको वर्णन गरिएको छ । त्यसैगरी अन्वेषणात्मक ढाँचाको प्रयोगबाट सहकारीमा सदस्य भएपछि महिलाहरुको सामाजिक, आर्थिक तथा शैक्षिक अवस्थाका बारेमा के-कस्ता परिवर्तनहरु आए भन्ने विषयमा विस्तृत खोज अध्ययन अनुसन्धान गरिएको छ ।

## ३.२ अनुसन्धान क्षेत्र छनौटको औचित्यता

अनुसन्धान कार्यलाई मूर्तरुप दिनका लागि सर्वप्रथम अनुसन्धान गर्ने उपयुक्त स्थानको आवश्यकता पर्दछ । यद्यपि इकुहिटी बचत तथा ऋण सहकारी संस्था एक 'महिला' सहकारी संस्था भएकोले अध्ययनको लागि छनौट गरिएको हो । यो संस्था ललितपुर जिल्ला, ललितपुर उपमहानगरपालिका वड नं. ४ मा अवस्थित छ । यस ईकुहिटी बचत तथा ऋण सहकारी संस्थालाई शोधकार्यको लागि छनौट गर्नुका निम्न कारणहरु रहेका छन् ।

अध्ययनका कार्यको लागि लिइएको सहकारी 'महिला' सञ्चालक भएकोले शोधकार्यमा सहकारीले महिलाहरुको सामाजिक तथा आर्थिक अवस्थामा ल्याएको परिवर्तनको बारेमा अध्ययन गर्ने उद्देश्य लिइएको हो । खासगरी सहकारी बचत तथा ऋण सहकारीले महिलाको सामाजिक तथा आर्थिक स्थितिमा पार्ने प्रभाव र परिवर्तनको अध्ययन गर्नका निम्ति

महिलाहरुद्वारा सञ्चालित इकुहिटी बचत तथा ऋण सहकारी संस्थालाई अध्ययनको लागि छनौट गरिएको हो । साथै यस संस्थामा ३०० जना सदस्यहरु रहनु भएको छ र अन्य सहकारीमा भन्दा यस सहकारी संस्थामा लेख पढ गर्न नजान्ने महिलाहरुलाई विशेष उत्प्रेरणा गरेको हुनाले पनि यस सहकारी संस्थालाई छनौट गरिएको हो ।

## ३.३ अध्ययनको समग्रता र नमुना छनौट

यस अध्ययनमा ललितपुर जिल्ला, ललितपुर महानगरपालिका वडा नं. ४ धोबिघाटमा 'इकुहिटी बचत तथा ऋण सहकारी संस्था' लाई अध्ययनको लागि छनौट गरिएको छ । सहकारी संस्थामा आवद्ध ३०० जना सदस्य महिलाहरुमध्ये २५ जना महिला सदस्यलाई सदैव निर्देशन (Random Sampling)प्रक्रियाअन्तर्गत चिठ्ठा पद्दतिबाट अध्ययनको लागि अमूनाको रुपमा चयन गरिएको हो ।

## ३.४ तथ्याङ्कको स्रोत र प्रकृति

कुनै विषयमा अध्ययन गर्न त्यस विषयसँग सम्बन्धित सही तथ्याङ्कहरु संकलन गर्नु अति आवश्यक हुन्छ । तथ्याङ्क नै त्यस्तो स्रोत हो, जसको विश्लेषणबाट शोधकर्ताले सम्बन्धित विषयको बारेमा एउटा निश्चित निष्कर्ष निकाल्दछ । अर्थात् एउटा निश्चित तथ्याङ्कको सामान्यीकरणबाट निष्कर्षमा पुग्दछ । प्राथमिक स्रोत अन्तर्गत इकुहिटी बचत तथा ऋण सहकारी संस्थामा आवद्ध ३०० महिलाहरुमध्ये २५ जना सदस्यहरुलाई दैव निर्देशन पद्दतिबाट उत्तरदाताहरुलाई प्रत्यक्ष रुपमा अन्तर्वार्ता लिई उनीहरुको सामाजिक, आर्थिक, शैक्षिक, पारिवारीक अवस्थाका बारेमा अवलोकन गरी तथा प्रमुख जानकार व्यक्तिसँग उनीहरुको विगत वर्तमानका केही सामाजिक र आर्थिक अवस्थाको बारेमा तथ्याङ्कहरु संकलन गरिएको हो ।

त्यसैगरी द्वितीय स्रोतको रुपमा सहकारीसँग सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पुस्तकहरु, सहकारी ऐन तथा नियमावलीहरु, पत्रपत्रिका, कृति तथा शोधग्रन्थ, विभिन्न सहकारी संस्थाहरुको प्रतिवेदन, ईकुहिटी सहकारीको बार्षिक स्मारिका, आर्थिक प्रतिवेदनलाई लिइएको हो ।

## ३.५ तथ्याङ्क संकलनका विधिहरु

तथ्याङ्क संलन गर्ने निश्चित विधिहरु रहेका छन् । यस शोधकार्यमा निम्न विधिहरुको प्रयोग तथ्याङ्क संकलन गरिएको छ ।

### ३.५.१ अन्तरवार्ता अनुसूची

उत्तरदाताहरुलाई सोधिएका प्रश्नहरुमा खुला र बन्द (Open-ended and close ended) रुपमा प्रश्नावली राखी अनुसन्धान कार्यका लागि व्यक्तिगत रुपमा अन्तर्वार्ताको सूची बनाई अध्ययन गरिएको छ । अन्तर्वार्ता अनुसूची संरचित र अर्ध संरचित ढाँचामा तयार गरिएको हो । सहकारी सदस्य महिला उत्तरदाताहरुको अनुकूल समय मिलाई २५ जनासँग अन्तर्वार्ता लिइएको छ । उक्त अन्तर्वार्ताका लागि उत्तरदाताहरुको सामाजिक तथा आर्थिक अवस्था तथा सहकारी संस्था प्रवेश गरेपछि सामाजिक तथा आर्थिक अवस्थामा आएको परिवर्तनलाई समेट्ने गरी सरल भाषामा तयार गरिएको अन्तर्वार्ता अनुसूचीको प्रयोग गरिएको छ । शोधकार्यमा तयार गरिएको अन्तर्वार्ता नमूना अनुसूची - १ मा दिइएको छ ।

### ३.५.२ अवलोकन

स्थलगत रुपमा अध्ययन क्षेत्रमा नै गएर सूचना संकलन गर्ने विधिलाई अवलोकन विधि भनिन्छ । जसमा अनुसन्धानकर्ताले प्रत्यक्ष रुपमा उत्तरदाताहरुको पारिवारीक अवस्था, उनीहरुको बसोबासको अवस्थाहरुको निरीक्षण गरेर पनि तथ्याङ्क संकलन गरिएको छ । उत्तरदाताहरुले दिन नचाहेका तथा नसकेको तथ्याङ्कहरु प्रत्यक्ष अवलोकनबाट संकलन गर्न सकिन्छ । अवलोकन गर्दा अध्ययन कार्य गरिएको संस्थाका उत्तरदाताहरुको पारिवारीक संरचना, सामाजिक तथा आर्थिक परिवेश र परिवर्तनको बारेमा विशेष ध्यान दिइएको थियो । विशेषतः ईकुहिटी सहकारीले महिलाहरुको सामाजिक तथा आर्थिक अवस्थामा ल्याएको परिवर्तनहरुको बारेमा प्रत्यक्ष अवलोकन गरी आवश्यक तथ्याङ्क संकलन गरिएको छ ।

### ३.५.३ प्रमुख जानकार व्यक्तिसँगको अन्तर्वार्ता

अध्ययनको क्रममा सहकारी सदस्यहरुको सामाीजक, आर्थिक अवस्था सहकारीले ल्याएको परिवर्तनको बारेमा सहकारीको व्यवस्थापक स्थानीय सहकारी सदस्य, बुद्धिजीविहरुलाई पनि सूचनादाताको रुपमा छनौट गरिएको छ । छनौट गरी उनीहरुबाट पनि आवश्यक तथ्याङ्कहरु संकलन गरिएको छ । जानकार प्रतिनिधिहरुसँग अन्तर्वार्ता र कुराकानीका माध्यमबाट तथ्याङ्क संकलन गरिएको छ ।

### ३.५.४ वैयक्तिक अध्ययन

विषयगत अध्ययन गर्ने क्रममा ललितपुर महानगरपालिका वडा नं. ४, धोबिघाटमा ईकुहिटी बचत तथा ऋण सहकारी संस्थालाई छनौट गरी दैव निर्देशन (Random Sampling) प्रक्रियाद्वारा २५ जना महिला सदस्य छनौट गरी त्यसमा पनि २ जना महिला सदस्यहरुको विस्तृत अध्ययन गरी आवश्यक तथ्याङ्क संकलन गरिएको छ ।

## ३.६  तथ्याङ्कको विश्लेषण र प्रस्तुतीकरण

तथ्याङ्क संकलनका क्रममा प्राथमिक एवं द्वितीय श्रोतको आधारमा संकलन गरिएका संख्यात्मक तथा गुणात्मक तथ्याङ्कहरुलाई तथ्याङ्कको प्रकृति विशेषता र गुणका आधारमा वर्गीकरण गरी तालिका बनाई विश्लेषण गरिएको छ । तथा प्रस्तुतीकरण गर्दा क्रमवद्ध किसिमबाट उम्पादन, बर्गीकरण गरेर आवश्यकतानुसार औसत समेत निकाली शोधको उद्देश्य अनुरुप, प्रस्तुतीकरण गरिएको छ ।

## ३.७ अध्ययनको सीमा

कुनै पनि विषयको अध्ययन गर्दा त्यसको समा निर्धारण गर्नु आवश्यक हुन्छ किनकी एउटा शोधपत्रमा सबै पक्षको एकै पटक अध्ययन गर्न सकिंदैन । यो शोधकार्य ललितपुर जिल्ला, ललितपुर महानगरपालिका वडा नं. ४, धोबिघाटमा रहेको 'ईकुहिटी बचत तथा ऋण सहकारी' संस्थामा मात्र सीमित छ । यस सहकारीले आफ्ना महिला सदस्यहरुको सामाजिक तथा आर्थिक अवस्थामा ल्याएको परिवर्तनहरुको अध्ययन गर्नु यस शोधकार्यको उद्देश्य रहेकोले यस अध्ययनमा निम्न सीमितता रहेको छ ।

यो शोधकार्य ललितपुर जिल्ला, ललितपुर महानगरपालिका वडा नं. ४, धोबिघाटमा रहेको ईकुहिटी बचत तथा ऋण सहकारी संस्थाँग मात्र सम्बन्धित छ । यो अध्ययन समाजशस्त्र विषयको स्नातकोत्तर तहको उपाधिको लागि मात्र गरिएको हुँदा अनुसन्धानकर्ताले समय र अर्थको ख्याल गर्दै अध्ययनभित्र गर्नुपर्ने वृहत क्षेत्रलाई समेटेर अध्ययन गर्न सकिएको छैन । यस अध्ययनले ईकुहिटी बचत तथा ऋण सहकारी संस्थामा आवद्ध महिला सदस्यहरुको सामाजिक तथा आर्थिक अवस्थामा आएको परिर्वतन सम्बन्धित भएपनि देशभरी सहकारीले महिलाहरुको सामाजिक तथा आर्थिक अवस्थामा ल्याएको परिवर्तनको बारेमा जानकारी दिन सक्छ भनेर किटान भने गर्न सकिंदैन ।

# अध्याय - चार

# महिलाहरुको समाजिक तथा आर्थिक अवस्था र परिवर्तन

यस अध्याय अतर्गत ईकुहिटी बचत तथा ऋण सहकारी संस्थामा आवद्ध महिलाहरुको सामाीजक तथा आर्थिक अवस्थामा ऊ संस्थाले ल्याएको विभिन्न परिवर्तन र प्रभावहरुको बारेमा चर्चा गरिएको छ ।

साझा उद्देश्य भएक व्यक्तिहरुले सामूहिक प्रयत्न र सहभागिताबाट आफ्नो आवश्यकता परिपूर्ति गर्न बनाइएको समूह वा संगठन सहकारी संस्था हो । सहकारी आत्मनिर्भर, स्वायत्त र सहभागीहरुको साझा स्वामित्व रहेको संस्था हो । सहकारी संस्था व्ययवसायिक संगठन हुन् । यस्ता संस्थाहरु सदस्य र समुदायका आवश्यकताका वस्तु तथा सेवाहरुको व्यपार गर्दछन् र आर्जन भएको मुनाफा सामूहिक स्वामित्वमा रहने स्थायी कोष बनाउन, शेयरको मुनाफा संस्थागत विकास, सीपमूलक तालिम, सामुदायिक विकास, कर्मचारी पारिश्रमिक आदिमा प्रयोग गर्दछन् ।

## ४.१ अध्ययन संस्थाका सदस्य महिलाहरुको सामाजिक अवस्था र परिवर्तन

### ४.१.१पारिवारीक संरचना

अध्ययन सस्थामा सदस्य रहेका महिलाहरुको सामाजिक अवस्थाको अध्ययन गर्ने क्रममा उनीहरु कस्तो पारिवारीक संरचनामा बसेका छन् भनी सर्वेक्षण गरिएको थियो ।

**तालिका नं. १, सदस्य उत्तरदाताहरुको पारिवारीक संरचना**

| परिवार | घरधुरी संख्या | प्रतिशत |
|---|---|---|
| एकल परिवार | २१ | ८४.०० |
| संयुक्त परिवार | ४ | १६.०० |
| जम्मा | २५ | १००.०० |

*स्रोतः स्थलग सर्वेक्षण २०७५*

तालिका नं. १ मा उत्तरदाता सदस्यहरुको पारिवारीक संरचनालाई देखाइएको छ । जसमा एकल परिवारमा २१ अर्थात् ८४ प्रतिशत र संयुक्त परिवारमा ४ अर्थात् १६ प्रतिशत रहेका छन् । तालिकाले देखाए अनुसार सदस्य उत्तरदाताहरुले एक परिवार रुचाएको देखिन्छ । समाजको आधुनिकीकरणसँगै व्यक्तिवादी प्रवृत्तिले प्रशय पाउँदै गएको एकल परिवारप्रति समाजको आकर्षण बढेको हो । संयुक्त परिवार आवश्यकताको परिपूर्ति गर्न गाह्रो, स्वतन्त्रताको कमी, पारिवारीक मान मार्यादामा रहन गाह्रो, झैं-झगडा बढी हुने भएकोले उत्तरदाता एकल परिवार बसेको बताउँछन् । जसमा पनि सहकारीसँगको आवद्धतासँगै संयुक्त परिवारबाट एकल परिवारको संख्या बढेको पाइन्छ ।

### ४.१.२ संस्थाबाट सीपमूलक तालिममा उत्तरदाताहरुको उपस्थिति

ईकुहटी सहकारी संस्थामा वि.सं. २०७० देखि वि.सं. २०७४ सम्ममा सीपमूलक तालिममा भाग लिने सहभागीहरुले अभिरुचीका साथ कार्यक्रममा भाग लिनुका साथै शुरुको वर्षदेखि बढी संख्यामा सहभागीहरुले भाग लिएको देखिन्छ ।

सहकारीले महिलाहरुलाई सदस्य बनाउने मत्र होयन, उनीहरुलाई विभिन्न प्रकारको आयआर्जनका सीप, तालिम सिकाएर आर्थिक रुपमा सबल बनाउने कार्य गरेको छ । जसले गर्दा निस्क्रिय रुपमा रहेको महिला जनशक्ति परिचालन भई आफ्नो पारिवारिक आम्दानी बढाएर आफ्नो परिवारको आवश्यकता पूरा गर्न सक्षम बनाउने भएकोले तालिममा उत्तरदाताहरु उपस्थित वार्षिक रुपमा बढ्दै गएको छ ।

### ४.१.३सहकारी संस्थामा आवद्ध भएपछि अन्य क्षेत्रमा सम्पर्क विस्तार

विभिन्न क्षेत्रमा सीपमूलक रोजगारी तथा आयमूलक कार्यमा आर्थिक तथा प्राविधिक सहयोग पुऱ्याई व्यवसायको लागि उचित ब्याजदरमा ऋण प्रवाह गराउनुका साथै महिलाहरुलाई रोजगारमूलक कार्यक्रम/तालिम जस्तैः पापड बनाउने, अचार, झोल साबुन, जाम बनाउने, सिलाई, कृषि तालिममा सहभागिता गराई उनीहरुको नेतृत्व गर्ने क्षमतालाई बढाउँदै ल्याएको छ । सामाजिक सम्बन्ध संस्थाका कार्यक्रम जस्तैः साधारण सभा, सेमिनार तथा सहकारी शिविरहरुमा सहभागी हुनाले चिनजान बढ्ने, आफुमा जनचेतना बढ्दै जाने सामाजिक सुधार गर्दै जाने जस्ता विभिन्न विषयहरुमा सहकारीको आवद्धतासँगै बढेको देखिन्छ । यस्ता कार्यक्रम/तालिममा सहभागी गराई उनीहरुको आर्थिक र सामाजिक स्तर उकासी गुणस्तरीय जीवनयापन गर्न सहयोग गरेको पाइएको छ ।

### ४.१.४ महिलाप्रति समाजले हेर्ने दृष्टिकोणमा परिवर्तन

सहकारीले आफ्ना महिला सदस्यहरु सम्मानित भएर समाज बाँच्न सक्ने बनाउन भिन्न सामूहिक कार्यक्रम सञ्चालन गर्दछ । जसमा सहकारीले सदस्य महिलाहरुलाई सक्रिय बनाउने गर्दछ । संस्थाबाट उलब्ध नियमित कार्यक्रम तथा तालिमले महिला जनशक्ति परिचालन भई आफ्नो पारिवारीक आम्दानी बढाएर पविारको आवश्यकता पूरा गर्न सक्षम बनाएको छ । सस्य महिलाहरु घरबाहिर निस्केर विभिन्न स्वास्थ्य, सरसफाई, बचत, लगानी आदिको बारेमा आफू पनि बुभ्न सक्दछन् र अरुलाई पनि बुझाउन सक्ने हुन्छन् । जसले गर्दा परिवार तथा सामाजमा पुरुष सरह इज्जत पाएका छन् । उनीहरुप्रति समाजको सकारात्मक दृष्टिकोण र विचार रहेको पाइएको छ ।

### ४.१.५ पेशा

जीविकोपार्जनका लागि मानिसहरुले अपनाएको कामलाई पेशा भनिन्छ । तसर्थ यस अध्ययन संसथामा सदस्य रहेका महिलाले अपनाएको पेशाको बारेमा यहाँ जानकारी लिइएको छ । सदस्य महिलाहरु सरकारी संस्थामा काम गर्ने, व्यापार गर्ने, आफ्नै मूर्ति, भाडा बनाउने उद्योग भएका रहेको पाइयो । तालिका नं. ४ मा पेशाको बारेमा जानकारी उल्लेख गरिएको छ ।

**तालिका नं. २**

**सदस्य उत्तरदाताहरुको पेशा गर्नेको विवरण**

| उत्तरदाताहरुको पेशाको विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| नोकरी | ५ | २० |
| व्यापार (सानो तिनो पसल) | ८ | ३२ |
| कृषि | ४ | १६ |
| गृहणी | ३ | १२ |
| मूर्ति बनाउने | ५ | २० |
| जम्मा | २५ | १००.०० |

*स्रोत: स्थलगत सर्वेक्षण २०७५*

तालिका नं. ३ का अनुसार नोकरीमा ५ जना अर्थात् २० प्रतिशत उत्तरदाताहरु रहेको पाइयो भने व्यापारमा ८ जना अर्थात् ३२ प्रतिशत, त्यसैगरी कृषिमा ४ जना १६ प्रतिशत, गृहिणीमा ३ जना, १२ प्रतिशत र मूर्ति बनाउने कार्यमा ५ जना २० प्रतिशत संख्या रहेको पाइयो । सहकारीले विभिन्न सीपमूलक तालिम तथा आयआर्जनका कार्यहरुबाट उनीहरुलाई रोजगार हुन प्रत्यन गरिरहेको छ ।

अध्ययन गर्ने क्रममा संस्थामा आवद्ध महिल सदस्यहरुले विभिन्न संस्थागत तालिमहरु जस्तैः साधारण लेखा उद्घोषण, व्यवस्थापन क्षमता, कृषि/व्यवसाय तालिम मूर्ति बनाउने, सिर्जनशील विचारहरुमा नियमित सहभागिता भई आफ्नो व्यवसाय शुरु गरेका महिलाहरुको समाजमा आफ्नो साथसाथै अरु महिलाहरुलाई पनि रोजगारको अवसर दिइरहेको पाइएको छ (हेर्नुहोस् अनुसूची-१)

### ४.१.६गुणस्तरीय जीवन प्राप्त गर्न सहयोग

ईकुहिटी सहकारीले महिलाहरु साक्षर बनाउने, उनीहरुको आत्मबल बढाउने, सीप सिकाउने, घरबाट बाहिर ननिस्केकाहरुलाई समेत बाहिरी वातावरणमा घुलमिल गराउने काम गरिरहेको छ । जसले गर्दा उनीहरु समयको सदुपयोग गर्ने, आफूहरु आयआर्जनको काममा लागेर आर्थिक उपार्जन गर्न थालेपछि आफ्नो परिवारमा श्रीमान्को मात्र कमाई हुँदा घर चलाउन, बच्चाहरु पढाउन निकै गाह्रो हुन्थ्यो भने हाल आएर आफूले पनि कमाइ गर्न थालेपछि सजिलो भएका उनीहरुको अनुभव छ । आधारभूत आवश्यकताको परिपूर्तिमा सहजता भएपछि गुणस्तरीय जवन प्राप्त गर्नेतर्फ उनीहरुको अग्रसरता बढेको उत्तरदाताहरु बताउँछन् । यसरी सहकारीमा आवद्ध भएपछि महिलाहरु विभिन्न सीपहरु सिकेको, समूहको फाइदाको लागि काम गर्ने बानीको विकास भएकोले उनीहरुको सामाजिक अवस्थामा समेत सुधार आएको जनकारहरु बताउँछन् तसर्थ जानकारी व्यक्तिहरुको अनुवभ अनुसार एउटा व्यक्तिले मात्र काम गरेर कुनै उपलब्धी हुन सक्दैन तर सहकारीको माध्यमबाट उल्लेखनीय कामहरु गर्न सकिन्छ (हेर्नुहोस् अनुसूची-२) ।

### ४.१.७ शिक्षामा आएको परिवर्तन

ईकुहिटी बचत ऋण सहकारी संस्थामा सदस्य भएपछि उनीहरु घरबाट बाहिर आउने माध्यम बनेको छ । ईकुहिटी सहकारीले महिलाहरुलाई शिक्षाको महत्वको बारेमा बेला-बेलामा जमघट गरी बुझाउने गर्दछन् । आफ्ना बालबालिकाका साथै आफू पनि साक्षर हुनुपर्ने आवश्यकता माथि सहकारीले जानकारी दिने गर्दछ । जसले गर्दा उनीहरुको मानसिकतामा परिवर्तन आएको छ । यस सहकारी संस्थाले आफ्नै पहलमा आफ्ना लेखपढ गर्न नजान्ने सदस्यहरुलाई सक्षर बनाउने हेतुले एकघण्टा साक्षरता कक्षा सञ्चालन गराउँदै आएको छ । शिक्षामा सुधार ल्याउन सकेको खण्डमा मात्र सदस्यहरुले उनीहरुको स्वास्थ्य, सरसफाई, चर्पीको प्रयोग, रोगहरुका बारेमा सचेतना दिन सजिलो हुने कुरा सहकारीका व्यवस्थापकहरु बताउँछन् । अध्ययनको क्रममा २५ जना महिला सदस्यहरु मध्ये लगभग १८ जना महिलाहरु साक्षर भई आफ्नो जीवनमा सकारात्मक परिवर्तन आएको उल्लेख गरेको पाइयो । पहिले सहकारी सदस्य भएका बेला समूहमा बस्न समेत असजिलो मान्ने महिला दिदी बहिनीहरु विस्तारै सामूहिक रुपमा काम गर्ने, समूहको लागि प्रतिवद्ध हुने, समूहमा घुलमिल हुने बानीको

विकास भएको उत्तरदाताहरु स्वयंले बताए । सहकारीमा सदस्य भएपछि आफ्ना बालबालिकाको शैक्षिक अवस्थाबारे चासो राख्न थालेको, आफ्नो बालबालिकाको विद्यालयमा गई उनीहरुको शैक्षिक अवस्थाको बारेमा समेत जानकारी लिने गरेको सदस्य उत्तरदाताहरुले उल्लेख गरे ।

### ४.१.८ स्वास्थ्य तथा सरसफाईमा परिवर्तन

सहकारी सदस्यता लिएपछि उनीहरुले यो सहकारीलाई आफ्नो सहकारीको रुपमा लिएका छन् । सहकारी संस्थाले नाफा कमाउने उद्देश्य मात्र नराखी विभिन्न चेतनामूलक कार्यक्रमहरु गर्ने गरेको उत्तरदाताहरु बताउँछन् । सबै सदस्यहरुलाई सहकारी प्राङ्गणमा बस्ने व्यवस्था मिलाई करिब एक घण्टा स्वास्थ्य र सरसफाईको बारेमा बताउने गरेको कुरा उत्तरदाताहरुले निकै उत्साहित हुँदै गएको बताए । त्यसैगरी व्यक्तिगत सरसफाई, सामुदायिक सरसफाईमा समेत सचेत बनाएकोले महिनाको एक पटक सहकारी सदस्यहरु आफ्नो परिवारको बाटो, चोक, मन्दीर सफा गर्ने कार्यमा समेत जुटेको सदस्यहरु बताउँछन् ।

सदस्य महिलाहरुलाई सहकारी व्यवस्थापकले पालैपलो स्वास्थ्यको बारेमा, खोपहरुको बारेमा, त्यसैगरी सरुवा रोगहरु सर्ने तरिकाहरुको बारेमा समेत शिक्षा दिने गरेको उत्तरदाताहरु बताउँछन् । त्यसैगरी गर्मीको समयमा फैलने रोगहरु इन्सेफलाइटिस, मेनेन्जाइटिस, हैजा, झाडापखाला, कालाज्वर, टाइफाइड आदिको बारेमा समेत जानकारी दिई बचाएका उपायहरु समेत जानकारी राख्ने सकारात्मक प्रयास गरेकाले सदस्यले खुशी व्यक्त गरे ।

### ४.१.९ महिला हिंसामा आएको कमी

हाम्रो समाजमा अझै पनि पितृसत्तात्मक सामाजिक संरचना विद्यमान छ । तसर्थ महिलाहरु आज पनि पितृसत्ताको संरचनाबाट अलग हुन सकेका छैनन् । पुरुषले गर्ने हिंसा, पारिवारीक असहयोग, झैं-झगडा, स्वतन्त्रतामा बन्देज, खानपिनमा समेत भेदभाव, कामको बोझ महिलाका घरायसी कार्यको मौद्रक मूल्याङ्कन हुन नसक्नु जस्ता कारणले महिलाहरुमाथि शारीरिक, मानसिक तथा सामाजिक हिंसा हुने गरेको तथ्य हाम्रो सामु प्रष्टै छ । उत्तरदाता महिलाहरु सहकारी सस्य भएपछि केही आयमूलक सीपहरु सिकेका हुन् । आफैंले सानोतिनो कामहरु गर्न थालेका छन् । यसरी आत्मनिर्भरतातर्फ अगाडि बढ्न थालेका उनीहरुमा सचेतना वृद्धि हुँदै गएकोले हिंसाको प्रतिकार गर्ने, आफूमाथि कुनै पनि प्रकारको हिंसा भएमा सहकारी सदस्यहरुसँग परामर्श गर्ने सरसल्लाह लिने गरेको सदस्य उत्तरदाताहरु बताउँछन् । उनीहरु घर बाहिर जाने गरेको अन्य धेरै व्यक्तिहरुसँग सम्पर्क भएको कारण श्रीमान्, सासु, ससुरा तथा घरका अन्य सदस्यहरुले हेप्न नसकेको अनुभव उत्तरदाताहरुको छ । सहकारी

संस्थासँगको आवद्धतासँगै सदस्य महिलाहरुमाथि हुने घरेलु हिंसाहरुमा कमी आएको कुरा सदस्यहरु स्वयं बताउँछन् । यही सन्दर्भमा एक उत्तरदाता भन्नुहुन्छ - महिलाहरु पनि पुरुष सरह उत्पादनमूलक तथा आम्दानीमूलक व्यवसायहरुमा सहभागी हुनु पर्दोरहेछ । यदि हामी ( महिला) पनि आम्दानीमूलक व्यवसाय वा जागिर गऱ्यौं भने परिवारको हामीप्रति हेर्ने दृष्टिकोण फरक हुँदोरहेछ । जसले गर्दा स्वतन्त्रता र सम्मानका साथ परिवारमा बाँच्न पाईंदोरहेछ ।

### ४.१.१०लैंगिक समानता र मनोरञ्जनमा आएको परिवर्तन

सहकारीले महिलालाई विभिन्न क्षेत्रमा सशक्तिकरण गर्दै आएकोले उनीहरुमा लैंगिक भेदभाव गर्न नहुने ज्ञानमा अभिवृद्धि भएको छ । पुरुषले गरेका कामहरु महिलाले पनि गर्न सक्छन् भन्ने धारणा विकास हुँदै आएको उत्तरदाता बताउँछन् । आफैं सहकारी महिला व्यस्थापकले राम्रोसँग चलाएको देखेर उनीहरु उत्साहित छन् । उनीहरु आफूले पनि आर्थिक अभावका कारण छोरालाई अंग्रेजी स्कुलमा र छोरीलाई सरकारी स्कुलमा पढाएको बताउँदै अब त्यसो नगर्ने प्रतिबद्धता समेत उनीहरु व्यक्त गर्दछन् ।

सहकारी सदस्य मध्ये पहिले नै रोजगारी भएका बाहेक अन्य सदस्यहरु घरबाट बाहिर संस्थागत रुपमा मनोरञ्जन कार्यमा समावेश नभएको बताउँछन् । हाल सहकारीले वर्ष १ पटक सबै सदस्यहरुलाई 'पिकनिक' लैजाने गरेको उत्तरदाताहरु बताउँछन् । पिकनिक उनीहरु खुलेर नाचगान गर्ने गरेको, विभिन्न ठाउँहरु घुम्न पाएकोमा खुशी व्यक्त गर्दछन् । त्यसैगरी प्रत्येक महिना सहकारी मिटिङमा जाने, सहकारीको विभिन्न तालिम कार्यक्रममा भाग लिने गरेकोले उनीहरुको घर बसेर टि.भी. हेरेर मात्र मनोरञ्जन लिने बानीमा परिवर्तन आएको छ । त्यसैगरी सहकारीले साधारणसभामा उनीहरु बेलाएर बोनस दिन्छ, भोज खुवाउँछ । त्यसैगरी सहकारी सदस्य भएकै नाताले कतिपय सदस्यहरु विभिन्न जिल्लाका सहकारीमा घुम्ने अवसर पाएको उत्तरदाताहरु बताउँछन् ।

### ४.१.११ नेतृत्व गर्ने क्षमतामा विकास

सहकारी प्रवेश गरेपछि सहकारीको नियमित कार्यक्रम, त्यसैगरी सहकारीले दिने प्रशिक्षण, सीपमूलक तालिम, चेतनामूलक कार्यक्रम, भेटघाट जमघट आदिबाट विस्तारै समूहमा घुलमिल हुने पारस्परिक हितका लागि काम गर्ने, आपसी छलफल गर्ने, निष्कर्षमा पुग्ने आदि बानीको विकासक हुँदै जान्छ । जसले गर्दा नेतृत्व गर्ने क्षमतामा विस्तार हुदै गएको र महिलाहरु घरबाहिर निस्केर विभिन्न स्वास्थ्य, सरसफाई, बचत लगानी आदिको बारेमा आफू पनि बुझ्न सक्दछन् र अरुलाई पनि बुझाउन सक्ने क्षमता विकास हुँदै गएको देखिएको छ ।

## ४.२ सदस्य उत्तरदाताहरुको आर्थिक अवस्था र परिवर्तन

यस अध्ययन क्षेत्रका महिलाहरुले जीविकोपार्जनका लागि विभिन्न पेशा व्यवसाय अपनाएको पाइयो। विभिन्न पेशा तथा व्यवसाय जस्तै केही महिलाहरु नोकरी गरी जीविकोपार्जन गरिरहेका छन् भने केही सहकारीबाट प्राप्त तालिमबाट आफ्नै व्यवसाय जस्तै मूर्ति बनाउने, कषि व्यवसाय, सानोतिनो व्यापार गर्ने र केही महिलाहरु घरायसी काममा नै व्यस्त भएको जानकारी पाइयो । तालिम पाएकाले अहिले महिलाहरुले पनि कमाई र बचत गर्न सक्ने भएका छन् । उनीहरुको मासिक बचत आम्दानी अनुसार रु. १००० देखि रु. ५००० सम्म बचत गरिरहेको पाइन्छ । जसले गर्दा उनीहरुको आर्थिक स्तरमा सुधार आउनुका साथै गुणस्तरीय जीवन प्राप्त गर्ने तर्फ अग्रसरता बढ्दै गएको उत्तरदाताहरु बताउँछन् ।

### ४.२.१ भू-स्वामित्व र उत्पादन

कुनै पनि समाजमा व्यक्तिको सामाजिक स्तरीकरणको प्रमुख आधार सम्पत्ति र सम्पत्ति माथिको स्वामित्व हो । सम्पत्ति भन्नाले जमिन, नगद धन, पशुधन, मालसामान, उद्योग व्यवसायलाई बुझिन्छ । यस अध्ययन क्षेत्रका उत्तरदाताहरुको आवासले चर्चेको जग्गा मात्र रहेको पाइयो । अधिकांश उत्तरदाताहरुको उत्पादन गरेर खान पुग्ने जमिन नभएको पाइयो । तालिका नं. २ मा सदस्य उत्तरदाताहरुको भू-स्वामित्वको अवस्था देखाइएको छ ।

**तालिका नं. ३, सदस्य उत्तरदाताहरुको भू-स्वामित्वको स्थिति**

| भू-स्वामित्वका विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| ० - १ रोपनी | १६ | ६४.०० |
| २ - ५ रोपनी | ६ | २४.०० |
| ६ - १० रोपनी | ३ | १२.०० |
| **जम्मा** | **२५** | **१००.००** |

*स्रोत : स्थलगत सर्वेक्षण २०७५*

तालिका नं. २ का अनुसार अध्ययन क्षेत्रका सदस्य उत्तरदाताहरु मध्ये आफ्नो ०-१ रोपनी जग्गा भएका सबैभन्दा बढी ६४ प्रतिशत रहेको पाइयो र यिनीहरुको आर्थिक अवस्था कमजोर भएकाले संस्थामा विभिन्न तालिमहरुमा सहभागी भई संस्थाबाट केही व्यवसाय गर्नलाई ऋण लिन सहज भएकाले यी वर्गका सदस्य महिलाहरु धेरै देखिन्छन् । २ देखि ५ रोपनी र ६-१० रोपनी भूमि भएका सदस्य महिलाहरुको आर्थिक अवस्था ठीकै/राम्रो भएकाले

उनीहरुको फुर्सदको समयमा संस्थाले प्रदान गरेको तालिममा सहभागी भई त्यसलाई सदुपयोग गरेको पाइयो ।

### ४.२.२ उत्तरदाताहरुको मासिक आम्दानी

**तालिका नं. ४ सदस्य उत्तरदाताहरुको मासिक आम्दानी**

| उत्तरदाताहरुको मासिक आम्दानी | संख्या | प्रतिशत |
|---|---|---|
| ० - १०००० | ६ | २४ |
| ११ देखि २०००० | १० | ४० |
| २१ देखि ५०००० | ९ | ३६ |
| जम्मा | २५ | १००.०० |

*स्रोत : स्थलगत सर्वेक्षण २०७५*

माथिको तालिकामा ० देखि १० हजारसम्म आम्दानी गर्नेहरुको संख्या ६ जना अर्थात् २४ प्रतिशत, ११ देखि २०००० सम्म आम्दानी गर्ने १० जना अर्थात् ४० प्रतिशत र २१ देखि ५०००० सम्म आम्दानी गर्नेको संख्या ९ जना अर्थात् ३६ प्रतिशत रहेको देखिन्छ ।

यसरी सहकारी संस्थामा आवद्ध भएका महिलाहरु संस्थाबाट प्रदान गरिने विभिन्न तालिम प्राप्त गरी सोही अनुसार विभिन्न पेशा जस्तैः विविध कृषि उत्पादन, विविध व्यापार/क्षेत्रमा लगानी गरी आएका महिलाहरुले मासिक न्यूनतम रु. १०००० देखि ५०००० सम्म आम्दानी गरेको पाइएको छ ।

### ४.२.३ सदस्य उत्तरदाताहरुको मासिक खर्च

उत्तरदाताहरुले आफ्नो मासिक आम्दानीलाई प्राथमिकताका आधारमा खर्च गरेको पाइयो । जसलाई तलको तालिकामा देखाइएको छ ।

**तालिका नं. ५ सदस्य उत्तरदाताहरुको औसत मासिक खर्च**

| क्र.सं. | खर्चको प्रकृतिको विवरण | प्रतिशत |
|---|---|---|
| १ | घर खर्च | ५७.०० |
| २ | शिक्षा | २०.०० |
| ३ | स्वास्थ्य | २०.०० |
| ४ | मनोरञ्जन | ३.०० |
| | जम्मा | १००.०० |

*स्रोत : स्थलगत सर्वेक्षण २०७५*

तालिका नं. ५ का अनुसार सदस्य महिला उत्तरदाताहरुले आफ्नो आम्दानीको सबैभन्दा बढी अर्थात् ५७ प्रतिशत भाग उपभोगमा खर्च हुने गरेका उत्तरदाताले बताए । उपभोग खर्चमा खाद्य पदार्थ, पानी खरिद गर्न समेत धेरै आम्दानीहरु खर्च गर्नुपर्ने देखिन्छ । त्यसैगरी शिक्षाको महत्व बुझ्दै आएकाले आफ्नो खर्चको दोस्रो प्राथमिकतामा पारेको पाइयो । तालिका अनुसार सदस्य उत्तरदाताहरुले आफ्नो कुल आम्दानीको २० प्रतिशत शिक्षामा खर्च गरेको देखियो । त्यसै कुल आयको २० प्रतिशत स्वास्थ्य, मनोरञ्जनमा ३ प्रतिशत खर्च गर्ने गरेको अध्ययनबाट जानकारी हुन्छ ।

संस्थाको तालिम प्राप्त गरेका सदस्य महिलाहरुको मासिक खर्चमा केही कमी देखिएको छ । किनभने संस्थाबाट प्राप्त तालिम जस्तैः अचार, पापड, झोल साबुन, जाम बनाउने आफ्नै कृषिबाट उत्पादित वस्तु घरमै प्रयोग गर्ने हुनाले घर खर्चमा कमी आउनुका साथै स्वास्थ्यमा पनि लाभ प्राप्त भएको छ । सदस्य महिलाहरुले संस्थामा आवद्ध भएपछि शिक्षाको महत्व बुझेर त्यसलाई प्राथमकिता दिई आफ्ना छोराछोरीलाई गुणस्तरीय शिक्षा प्रदान गरिरहेको देखिन्छ र केही महिला सदस्यहरु संस्थागत भ्रमण कार्यक्रममा सहभागी भई मनोरञ्जन गर्नुका साथै त्यहाँबाट केही नौलो कुरा अध्ययन गरी आफ्नो व्यवसाय वृद्धि गरी आर्थिक अवस्थामा सुधार भएको उत्तरदाता महिलाहरु बताउँछन् ।

यस संस्थामा आबद्ध गर्ने महिला उत्तरदाताहरुको सम्पत्ति सञ्चालन गर्ने अध्ययन गर्ने त्रममा ती महिलाहरुको दुवैको सरसल्लाहमा खर्च गर्ने परिवारको संख्या धेरै पाइयो भने सरसलाह नगरी श्रीमान्ले सञ्चालन गर्नेको संख्या कम पाइयो ।

### ४.२.४ सदस्य उत्तरदाताहरुमा बचतको अवस्थाको विवरण

**तालिका नं. ६ सदस्य उत्तरदताहरुमा बचतको विवरण**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| बचत गर्नेहरु | २२ | ८८ |
| बचत गर्न नसक्नेहरु | ३ | १२ |
| जम्मा | २५ | १००.०० |

*स्रोत : स्थलगत सर्वेक्षण २०७५*

तालिका नं. ६ का अनुसार सदस्य उत्तरदाताहरु मध्ये ८८ प्रतिशतले बचत गर्ने गरेको पाइयो भने १२ प्रतिशतले चाहेर पनि बचत गर्न नसकेको गुनासो गर्नुभयो ।

यस अध्ययन संस्थामा रहेका सदस्य उत्तरदाताको बचतको अवस्था सहकारीमा प्रवेश गरेपछि राम्रो भएको पाइयो । सहकारीमा न्यूनतम रकम मासिक रुपमा बचत गर्नेपर्ने

भएकोले पनि उनीहरुको बचतप्रति आकर्षण बढ्दै गएको पाइन्छ । यस सहकारीको बचत पूँजीलाई परिचालन गरिदिने, उनीहरुलाई ब्याज प्रदान गर्ने भएकोले पनि उनीहरुमा बचत गर्ने बानी बढेको हो । बचतले संकटको समयमा गर्जो टार्न मद्दत गर्दछ । तलको तालिकामा उत्तरदाताहरुमा बचतको अवस्था देखाइएको छ ।

### ४.२.५ संस्थाको प्रभाव

**तालिका नं. ७ : उत्तरदाताहरुको आर्थिक अवस्थामा संस्थाले पारेको प्रभावकारिता**

| प्रभावकारिता | महिलाको संख्या | प्रतिशत |
|---|---|---|
| राम्रो | २० | ८० |
| पहिलाको जस्तै | ५ | २० |
| जम्मा | २५ | १००.०० |

*स्रोत : स्थलगत सर्वेक्षण २०७५*

तालिका नं. ७ का अनुसार उत्तरदाताहरुको आर्थिक अवथामा संस्थाले पारेको प्रभावकारिताको आधारमा राम्रो हुनेहरुको संख्या २० जना अर्थात् ८० प्रतिशत र पहिलाको जस्तैको संख्यामा ५ जना अर्थात् २० प्रतिशत संख्या रहेको पाइयो ।

संस्थाका कार्यक्रम जस्तैः साधारण सभा, कहिले सेमिनार तथा सहकारी शिक्षा शिविरमा सहभागिता भई एक आपसमा अन्तरकृया/चिनाजानी बढेको रोजगारमूलक तालिम प्राप्त गरी स्वयं आफैंले सानातिना व्यापार गरी आर्थिक स्तर सुधार गर्नुको साथै छरछिमेक इष्टमित्रमा सुमधुर सम्बन्ध बढ्दै गएको पाइएको छ भने कतिपय महिलाहरुको इच्छा नभएर या घरको कामकाजमा व्यस्त भएका कारण संस्थागत कार्यक्रम/तालिममा सहभागिता नहुनाले खासै उनीहरुको सामाजिक अवस्थामा परिवर्तन आएको देखिंदैन ।

### ४.२.६ स्थानीय स्तरमै आयआर्जन तथा रोजगारीको विकास

सहकारी संस्थामा आवद्ध भएपछि सहकारीमा मासिक किस्ता तिर्नकै लागि भएपनि निश्चित रकम बचत गर्नुपर्ने बाध्यता हुने गर्छ । सहकारीले महिलालाई सशक्तिकरण गर्नका लागि स्थानीय स्तरमा आयआर्जन गर्न सकिने खालका आयमूलक सीपहरु सिकाउने गर्दछ । फलस्वरुप उनीहरुले कुनै एक सीपलाई प्रयोग गरी आम्दानी गर्नसक्ने वातावरण विस्तारै तयारी हुँदै गएको सदस्य उत्तरदाताहरु बताउँछन् । जस्तैः ईकुहिटी सहकारीले ३ महिना सिलाई तालिम सञ्चालन गर्ने गरेको छ । मैनबत्ती बनाउने तालिम सञ्चालन गरी महिला सदस्यलाई जीविकोपार्जनलाई सघाएकोले आफूहरु स्वरोजगार बन्दै गएको उत्तरदाता खुशी हुँदै बताउँछन् । त्यसैगरी च्याउ खेती तथा अचार बनाएर बिक्री गर्ने तालिम पनि सहकारीले

गर्ने गरेको छ । च्याउ खेतीका लागि धेरै जमिनको आवश्यकता नपर्ने, थोरै लगानीबाट पनि च्याउ खेती गर्न सकिने भएकोले महिला सदस्यहरुको आकर्षण बढेको सहकारी व्यवस्थापकको अनुभव छ । त्यसैगरी अचार बनाएर स्थानीय बजारमा गई बेच्न सकिने र यसको स्थानीय बजरामा माग समेत रहेकोले यसतर्फ पनि सहकारीले तालिम दिँदै आइरहेको छ ।यसरी स्थानीय बजारो माग र त्यसको आधारमा आयमूलक कामहरु गर्दै आइरहेकोले सहकारीमा आवद्ध भइसकेपछि यसले धेरै महिलाहरुको आय आर्जन तथा रोजगारी दिइएको उत्तरदाताहरु बताउँछन् । यही सहकारीको कारण आफूहरु स्वरोजगार आंशिक रुपमा भएपनि आत्मनिर्भर बन्न सकेको प्रति उत्तरदाताहरु गर्व गर्छन् ।

### ४.२.७ गरिबी उन्मूलनमा सहयोग

ईकुहिटी सहकारीले महिलाहरुलाई सदस्य बनाउने मात्र होइन उनीहरुलाई विभिन्न प्रकारको आयआर्जनका शीप, तालिम सिकाएर आर्थिक रुपमा सबल बनाउने कार्य गरेको छ । जसले गर्दा निस्क्रिय रुपमा रहेको महिला जनशक्ति परिचालन गरी आफ्नो पारिवारीक आम्दानी बढाएर आफ्नो परिवारको आवश्यकता पूरा गर्न सक्षम बनाएको छ । जसले समाजमा विद्यमान ईकुहिटी सहकारीले सघाउ पुऱ्याएको दावी उत्तरदाताहरु गर्दछन् । हाम्रो देशमा बेरोजगारी समस्या विकराल रुपमा रहेको छ । तसर्थ प्रशस्त जनशक्ति यत्तिकै खेर गइरहेको अवस्था छ । यस्तो अवस्थामा ग्रामीण तथा शहरी दुवै क्षेत्रमा बसोबास गर्ने मानिसलाई रोजागारी प्राप्त गर्न समस्या छ ।

### ४.२.८बचत गर्ने बानीको विकास

सहकारीको बचत गर्ने बानीको विकासमा सघाउ पुऱ्याइरहेको छ। सहकारी सदस्यहरुले गरेको स-सानो बचत रकमबाट एकमुष्ट रकम जम्मा हुन गई त्यसलाई विभिन्न कार्यमा उपयोग गर्न सजिलो भएको छ । सहकारीले संकलित रकम आफ्ना सदस्यहरुलाई न्यूनतम ब्याजदरमा कर्जाको रुपमा प्रवाह गर्ने गर्दछ । जसले विभिन्न उद्यमहरु गर्न रकम जम्म हुने गर्दछ । व्यवसायिक तथा आयआर्जनका कामहरु गर्नको लागि आवश्यक पर्ने रकम मासिक बचतबाट संकलित हुने गर्दछ । फजुल खर्चलाई बचत गर्ने बानी बसाली कमाएरै धनी होइन, बचत गरेर धनी होइन्छ भन्ने मान्यतालाइ् आत्मसात गर्दै आफ्नो काम आफैं गर्नुपर्छ भन्ने प्रेरणा सहकारिताले प्रदान गरेको छ । आर्थिक कमजोरी र आर्थिक अभावमा पनि निराश हुनुपर्ने, पलायन हुनुपर्ने स्थितिबाट सहकारीले मुक्त गरेको उत्तरदाताहरु बताउँछन् ।

### ४.२.९ आर्थिक समानता र श्रमप्रति सम्मानको वातावरण

सहकारीले समान उद्देश्य भएका व्यक्तिहरुलाई आफ्नो उद्देश्य प्राप्त गर्नेतर्फ संगठित गर्ने गर्दछ । ईकुहिटी सहकारीले आफ्ना महिला सदस्यहरु सम्मानित भएर समाजमा बाँच्न

सक्ने बनाउन विभिन्न सामूहिक कार्यक्रम सञ्चालन गर्दछन् । जसमा सहकारीले सदस्य महिलाहरुलाई सक्रिय बनाउने गर्दछ । यो अध्ययन संस्था ललितपुर महानगरपालिकामा पर्ने भएकोले यहाँ प्रशस्त मात्रामा धार्मिक, सांस्कृतिक जात्रा, मेलापर्वहरु लाग्ने गर्दछन् । यस्ता जात्रा मेलापर्वमा समेत आफूले तयार पारेका वस्तुहरुको बिक्री वितरण गर्ने, स्टल राख्न सहकारीले आफ्ना सदस्यहरुलाई उत्प्रेरित गरेको सहकारीका सञ्चालक महिलाले जानकारी दिनुभयो । त्यसैगरी यहाँ विशेष परिकार योमरी, बारा, नेवारी खाना समेत बनाएर बिक्री गरी आयआर्जन गरी रहेको उत्तरदाता सदस्यहरु बताउँछन् ।

सहकारीमा प्रवेश गरिसकेपछि काम गरे खान लाज मान्नु नपर्ने रहेछ भन्ने धारणाको विकास भएको समेत महिला सदस्यले बताउनुभयो । हरेक कामको उति नै महत्व हुन्छ भन्ने कुरा सहकारी शिक्षा लिंदा जानकारी भएकोले उनीहरुमा श्रमप्रति सम्मान गर्ने भावनाको विकास भएको सदस्य उत्तरदाताहरुको अनुभव छ ।

# अध्याय - पाँच
# सारांश र निष्कर्ष

## ५.१ सारांश

यो शोधकार्य मुख्य गरी ललितपुर जिल्ला, ललितपुर महानगरपालिका वडा नं. ४, धोबिघाटमा अवस्थित ईकुहिटी बचत तथा ऋण सहकारीसँग सम्बन्धित छ । यस शोधकार्यमा यस ईकुहिटी सहकारीले ललितपुरका महिलाहरुको सामाजिक तथा आर्थिक अवस्थामा ल्याएको परिवर्तनको बारेमा अध्ययन गरिएको छ । सहकारीमा आवद्ध भएपछि महिलाहरुको सामाजिक तथा आर्थिक अवस्थामा आएको सुधारका बारेमा तथ्याङ्कहरु संकलन गर्दा प्राथमिक स्रोत अन्तर्गत अवलोकन, अन्तर्वार्ता, साक्षात्कार, वैयक्तिक अध्ययन तथा प्रमुख जानकार व्यक्तिहरुसँगको अन्तर्वार्ता रहेको छ । द्वितीय स्रोत अन्तर्गत सहकारीसँग सम्बन्धित पुस्तक, सहकारी ऐन तथा नियमाली, महिला सहकारीसँग सम्बनिधत पुस्तक, पत्रपत्रिका जस्ता प्रकाशन सामग्री प्रयोग गरिएको छ । यी तथ्याङ्कहरु अनुसन्धानको उद्देश्य अनुसार उत्तरदाताहरुमा सहकारीले ल्याएको सामाजिक तथा आर्थिक परिवर्तनका तथ्याङ्क प्राप्त गर्न प्रयोग गरिएको छ ।

आजको आधुनिक समयमा आर्थिक सम्वृद्धि सबैका लागि आवश्यक भएको छ । जसका लागि आफूसँग भएको स्रोत र साधनको अधिकतम प्रयोग र न्यायोचित विवरण गरी सामाजिक असमानता हटाउन सहकारी एउटा उत्तम माध्यम बन्न पुगेको छ । तसर्थ समान उद्देश्य भएका व्यक्तिहरु आफ्नो साझा उद्देश्य प्राप्त गर्न मिलेर गरिने सामूहिक कार्यलाई सहकारीको रुपमा लिने गरेको पाइन्छ । वास्तवमा सहकारी समान उद्देश्य भएका व्यक्तिहरुले सामूहिक प्रयत्न र सहभागिताबाट आफ्ना आवश्यकता परिपूर्ति गरी आर्थिक सम्वृद्धि प्राप्त गर्न स्थापना गरेको संगठन हो । यस्ता सहकारीहरु आफ्ना सदस्य र समुदायका आवश्यकता वस्तु तथा सेवाहरुको व्यापार गर्दछन् । त्यसबाट आर्जन गरेको नाफा समानुपातिक रुपमा सदस्यहरुमा वितरण गर्ने गरिन्छ ।

सहकारिता विकास क्रमको लामो अन्तरालपछि मानिसले आर्जन गरेको अनुभवको एउटा आर्थिक प्रावधान सहितको क्षमतालाई सामूहिक रुपमा उपयोग गरी बढी उपलब्धी हासिल गर्ने व्यवसायिक प्रणाली हो । विश्वमा बेलायतबाट सहकारीको संस्थागत विकास भएको हो । शोषण र होडबाजीलाई उन्मूलन गरी पारस्परिक सहयोग र आपसी सद्भावनाका आधारमा आदर्श समाज स्थापना गर्ने हेतुले सन् १८६४ को २४ अक्टोबरमा बेलायतका उद्योगपति रोवर्ट ओवेनले बेलायतको रोच्डेलमा 'रोच्डेल सोसाइटी अफ इक्विटेवल पायोनियर्स' (Rochadel Society of Equitable Pioneers)नामक उपभोक्ता सहकारीसंस्थाको स्थापना गरी सहकारिताको शुरुवात गरेका छन् । नेपालमा वि.सं. २०१३ साल चैत्र २० गते

चितवनको शारदा नगरमा स्थापना गरिएको 'बखान ऋण सहकारी संस्था' नै नेपालको कानुनी मान्यता प्राप्त सहकारी संस्था हो । नेपाल सरकारले वि.सं. २०४८ सहकारी ऐन र २०४९ मा सहकारी नियमावली प्रकाशन गऱ्यो । सहकारी एन २०४८ तथा सहकारी नियमावली २०४९ ले नेपालमा २५ जना एउटै क्षेत्रमा बसोबास गर्ने नागरिकहरुलाई निश्चित उद्देश्य राखेर सो प्राप्त गर्ने कामका लागि सहकारी संस्था स्थापना एवं सञ्चालन गर्न सक्ने व्यवस्था गरेको छ ।

यस शोधकार्यको लागि छनौट गरिएको 'ईकुहिटी बचत तथा ऋण सहकारी' संस्थामा ३०० जना सदस्यहरु रहेका छन् । जसमध्ये २५ जना महिला सदस्यलाई उत्तरदाताको रुपमा छनौट गरिएको थियो । छनौट प्रक्रियाको रुपमा दैव निदर्शन पद्दति मार्फत् ३०० मध्येबाट २५ जना छनौट गरिएको हो । यस अध्ययनमा वर्णनात्मक र अन्वेषणात्मक अनुसन्धान ढाँचाको प्रयोग गरिएको छ ।

अध्ययन संस्थामा सदस्य रहेका महिलाको सामाजिक अवस्थाको अध्ययन गर्ने क्रममा परिवार संरचनाको अध्ययन गर्ने क्रममा ८४ प्रतिशत उत्तरदाताहरु एकल परिवारमा बस्ने गरेको पाइयो भने १६ प्रतिशत संयुक्त परिवारमा बसोबास गरिरहेको स्थलगत अध्ययनबाट पत्ता लागेको छ । सदस्य उत्तरदाता महिलाको आर्थिक अवस्था विश्लेषण गर्ने क्रममा अधिकांश उत्तरदाताहरुको उत्पादन गरी खान पुग्ने जमिन मात्र भएको पाइयो । सहकारी सदस्यहरु मध्ये सबैभन्दा बढी ३२ प्रतिशत महिला सानोतिनो व्यापार गरेर जीविकोपार्जन गरिरहेको पाइयो भने २० प्रतिशतले मूर्ति बनाउने, २० प्रतिशत नोकरी, ४ प्रतिशतले कृषिको काम, ३ प्रतिशत गृहिणी भएको पाइयो । सदस्य उत्तरदताहरुको मासिक औसत आम्दानी जान्ने क्रममा २४ प्रतिशतको मासिक आम्दानी रु. १०,००० सम्म रहेको, ४० प्रतिशतको रु. २०,००० सम्म रहेको, रु. ५०,००० मासिक आम्दानी हुने ३६ प्रतिशत पाइयो । त्यसैगरी सदस्य उत्तरदाताहरुको औसत मासिक खर्च यसप्रकार रहेको पाइयो । सहकारी महिला सदस्यले आफ्नो आम्दानीको ५७ प्रतिशत उपभोग खर्चमा लगाएको, २० प्रतिशत शिक्षामा, १५ प्रतिशत स्वास्थ्यमा र ३ प्रतिशत मनोरञ्जनमा र विविधमा ५ प्रतिशत खर्च गर्ने गरेको अध्ययनबाट जानकारी पाइयो ।

यस अध्ययनमा संस्थामा रहेको सदस्य उत्तरदाताको बचतको अवस्था सहकारीमा प्रवेश गरेपछि राम्रो भएको छ । सहकारीले बचत पूँजीलाई परिचालन गरिदिने र उनीहरुलाई ब्याज प्रदान गर्ने भएकोले पनि उनीहरुमा बचत गर्ने बानी बढ्दै गरेको छ । त्यसैगरी २५ उत्तरदाताहरुमध्ये ८८ प्रतिशतले बचत गर्ने गरेका छन् भने ८ प्रतिशतको अति आर्थिक अवस्था कमजोर भई बचत गर्न नसकेका यस अध्ययनमा पत्ता लागेको छ । यसरी नै उत्तरदाताहरुको आर्थिक अवस्थामा संस्थाले गरेको प्रभावलाई हेर्दा ८० प्रतिशत सदस्यले

संस्थामा सदस्य भएपछि आर्थिक अवस्था राम्रो भएको छ भने २० प्रतिशतले पहिलाको जस्तै रहेको छ ।

## ५.२ निष्कर्ष

यस ईकुहिटी बचत तथा ऋण सहकारीले वास्तवमै संस्थागत नाफालाई मात्र नहेर सस्यहरुको सामाजिक, आर्थिक, शैक्षिक स्थिति उकासेर आत्मनिर्भर बनाउन हरतरहले प्रयास गरेको पाइयो । आजकल विशेषगरी सहरी क्षेत्रमा खुलेका सहकारीले नाफामुखी भएर मात्र काम गरिरहेको अवस्थामा यस सहकारीले महिलाको उत्थानको लागि गरेको प्रयास निकै नै सह्रानीय छ । त्यसैगरी सहकारीमा आवद्ध भई आफ्नो आर्थिक तथा सामाजिक विकास गर्न ईकुहिटी बचत तथा ऋण सहकारी' सम्पूर्ण नेपाली महिलालाई आह्वान गर्दछ । लामो समयदेखि पितृसत्तात्मक सोचबाट अगाडि बढिरहेको समाजमा लैंगिक समानता कायम गरी लैंगिक विभेदको अन्त्य गर्न महिलाहरु शिक्षाको क्षेत्रमा सर्वप्रथम अगाडि बढनु पर्ने हुन्छ ।

मानव जीवनको शुरुवात लगायत विकासको हरेक चरणहरुसँगै विकसित विभिन्न संस्थाहरुको एउटा प्रारुप वा स्वरुप हो सहकारी संस्था । सहकारीको विकास तथा यससँगको आवद्धता सँगै मानव जीवनहरुको जीवनशैलीहरु फरक हुँदै गएको देखिन्छ । यद्यपि मेरो यस अध्ययनमा पनि सहकारीले महिलाहरुको सामाजिक तथ आर्थिक क्षेत्रमा सकारत्मक परिवर्तन आएको छ । (अनुसूची १) । सहकारीको सदस्य बन्नु अघि र पछिको अवस्थालाई तुलनात्मक रुपमा विश्लेषण गर्ने हो भने पनि सहकारीमा आवद्ध भइसकेपछि महिलाहरुको सामाजिक जीवन, सहज र व्यवस्थित भएको पाइयो । सहकारी संस्थासँगको आवद्धतासँगै उनीहरुको जीवनशैलीमा परिवर्तन आएको पाइयो । सहकारीसँगको आवश्यकतासँगै उनीहरुले सिकेको विभिन्न, सीप, तालिम र अन्य क्रियाकलापहरुले महिलाहरुलाई स्वालम्बन र स्वनिर्भर बनाएको छ ।

ईकुहिटी बचत तथा ऋण सहकारीले संस्थामा सदस्य रहेका महिलाहरुको सामाजिक तथा आर्थिक अवस्थामा कस्ता परिवर्तनहरु ल्याए भन्ने विषयमा वर्णनात्मक र अन्वेषणात्मक दुवै विधि प्रयोग गरी विस्तृत खोज अध्ययन अनुसन्धान गरिएको छ । र अध्ययन पश्चात् सदस्य महिलाहरुको आर्थिक विकासका सौ सामाजिक अवस्थामा दिनप्रतिदिन सबल हुँदै आफ्नो जीवनशैलीमा पनि फरक पाइएको छ । महिलाहरुमा सामूहिक भावनाको विकास तथा सामूहिक पहलको विकास र उनीहरुलाई स्थानीय स्तरमै आय-आर्जन र रोजगारी विकास गर्ने विभिन्न सीपमूलक व्यवसायिक तालिमहरु जस्तैः मैन बनाउने, सिलाईको काम, अचार बनाउने, कुसन बनाउने, झोल साबुन बनाउने, कृषि तालिम उपलब्ध गराउने, परिवारको स्वास्थ्य, पोषण, सरसफाई, सुरक्षित मातृत्व बारे जानकारी गराई विकास गर्ने काममा सहकारीको महत्वपूर्ण भूमिका रहेको पाइएको छ ।

# सन्दर्भग्रन्थ-सूची

*(2016)"History of Co-operative Movement"* Wikipedia Retrieved from https:/en Wikipedia.org/wiki/history-of-the-cooperativve-movement.

Curl. J.(2009)*"Praise for all the people".* Retrieved from http://library.unitediversity. Coop/Cooperative/For_All_The_Peoplehistor_of_Cooperation_in_America.pdf

(2013 July 30)Your Article Library. *"History of Co-operaitve movement in India"(1047 words).* Retrieved Dec 24, 2016, from India. https//www.yourarticlelibrary.com/india-2/history-of co-operaitve movement-in-India.

Fisher.GM.(1938). "The Cooperative movement in Japan In Pacific Affairs" (pp.478-491). Retrieved from http://ww.Jster.org./stable/2751318 Seg=1*page-scan-tab-content.

KC. Bhupu Bahadur. (2012). *"A Case Study on Increase Income and Empower Rural Women by SCC".* Central Department of Sociology and Anthropolgy, kritipur, ktm, np.

Poudel S.K (2011) *"Women Empower through Micro Credit. (A Case Study of Community Based Cooperative in Tarighaun VDC Dang)"*. Central Department of Economics, Tribhuwan University, Kritipur, Nepal.

Shivahari Aryal (2013) *"Research Method on Sociology and Anthropology*", shivahari publication pvt. ltd., Bagbazar, Ktm.

शाक्य रञ्जु, (२०५८) “सामाजिक आर्थिक अवस्थामा वित्तिय संस्थाहरुको प्रभाव” समाजशास्त्र विभाग, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर, नेपाल

ईकुहिटी बचत तथा ऋण सहकारी संस्था स्मारिका, २०७४

## सहकारीले महिलाहरुको सामाजिक तथा आर्थिक अवस्थामा ल्याएको परिवर्तनको लागि अध्ययन क्षेत्रमा तथ्याङ्क संकलनमा प्रयोग गरी अन्तर्वार्ता अनुसूची नमूना

**१. व्यक्तिगत विवरण**

(क) उत्तरदाताको नाम थर: (ख) धर्म:

(ग) उमेर: (घ) भाषा:

(ङ) वैवाहिक स्थिति: (च) लिङ्ग: (छ) पेशा

**२. पारिवारीक विवरण**

| क.सं. | नाम | उत्तरदातासँगको सम्बन्ध | पेशा | वैवाहिक स्थिति |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |
| ३. | | | | |
| ४. | | | | |
| ५. | | | | |

(ख) तपाईं संयुक्त परिवारमा बस्नुहुन्छ कि एकल ................

(१) संयुक्त (२) एकल

(ग) तपाईंको सम्पत्ति कोबाट सञ्चालित हुन्छ ?

(१) श्रीमान् (२) श्रीमती (३) छोराबाट

(घ) घरव्यवहार व्यवसायमा कसले निर्णय गर्छ ?

(१) श्रीमान् (२) श्रीमती (३) दुवैको सल्लाहमा

३. आर्थिक अवस्थाको विवरण:

(क) तपाईंको मुख्य पेशा के हो ?

(१) कृषि (२) व्यापार (३) मजदुरी

(४) नोकरी (५) गृहणी

(ख) तपाईंको जमिन कति छ?

(१) ०-१ रोपनी (२) २-५ रोपनी (३) ६-१० रोपनी

(ग) तपाईंको आम्दानीको स्रोतहरु के-के हुन् ?

(१) कृषि (२) नोकरी (३) व्यापार

(घ) तपाईंको मासिक आम्दानी कति हुन्छ ?

(१) रु. ०-१०,००० (२) रु. ११,०००-२०,००० (३) रु.२१,०००-५०,०००

(ङ) सहकारीमा दैनिक कति बचत गर्नुहुन्छ ?

(१) रु. ५०।- (२) रु. १००।- (३) रु. १०० भन्दामाथि

(च) सहकारीमा बचत गर्नुको उद्देश्य के हो ?

.............................................................

(छ) तपाईंको आम्दानीले परिवारलाई वर्षभरि खान पुग्छ ?

(१) पुग्छ (२) पुग्दैन

(ज) मासिक के-केमा कति खर्च गर्नुहुन्छ ?

(१) शिक्षा (२) स्वास्थ्य (३) घर खर्च

(४) मनोरञ्जन (५) अन्य

(झ) तपाईंको परिवारको सदस्य वैदेशिक रोजगारीमा जानुभएको छ ?

(१) छ (२) छैन

(ञ) तपाईंले सहकारीबाट ऋण लिनु भएको छ?

(१) छ (२) छैन

(ट) तपाईं सहकारीको सदस्य हुनु भएको कति समय भयो ?

(१) वर्ष ............. (१) महिना ..............

(ठ) तपाईंले सहकारीबाट कुनै सीप सिक्नु भएको छ ?

(१) छ......................... (२) छैन .....................

४.	सामाजिक अवथा

क)	तपाईंको विचारमा सहकारी भनेको के हो ?

......................................................

(ख)	तपाईंलाई सहकारीको सदस्य बन्न कोबाट प्रेरण पाउनुभयो ?

......................................................

(ग)	तपाईं सहकारी संस्थामा आवद्ध भएपछि अन्य क्षेत्रमा कति सम्पक बढेको छ?

.......................................................

(घ)	संस्थाले गर्ने सामाजिक कार्यमा तपाईंको सहभागिता कस्तो छ?

......................................................

(ङ)	तपाईंलाई संस्थाको व्यवस्थापकहरुको व्यवहार कस्तो लाग्दछ ?

......................................................

(च)	सहकारीमा आवद्ध भएपछि तपाईंलाई समाजले हेर्ने दृष्टिकोणमा के फरक पाउनु भएको छ?

......................................................

(छ)	तपाईंको सहकारीले वर्षमा कति पटक बैठक राख्दछ ?

(१) महिनाम १ पटक	(२) ६ महिनामा १ पटक	(३) वर्षमा एक पटक

(ज)	तपाईंलाई सहकारीले महिला सशक्तिकरणको बारेमा बुझाएको छ ? छ भने सशक्तिकरणको बारेमा के बुझ्नु भएको छ ?

......................................................

५.	परिवर्तन

(क)	संस्थामा आवद्ध भएपछि तपाईंको सामाजिक स्थितिमा परिवर्तन भएको छ ?

(१) छ	(२) छैन

यदि छ भने कस्तो परिवर्तन आएको छ र किन ?

......................................................

(ख)	तपाईं सहकारी सदस्य भएपछि आम्दानी बढेको छ ?

(१) छ (२) छैन

(३) उस्तै (४) अलिकति

(ग) तपाई सहकारीको सदस्य हुनु अगाडि आफ्नो समय कसरी बिताउनु हुन्थ्यो ? र सदस्य भइसकेपछि कसरी बिताउँदै हुनुहुन्छ ?

.......................................................

(घ) संसथामा आवद्ध हुँदा र नहुँदामा के फरक पाउनु भयो ?

.......................................................

(ङ) तपाईंले सहकारी संस्थाबाट कुनै तालिम लिनु भएको छ?

(१) छ (२) छैन

(च) तपाईंले लिनु भएको तालिम कत्तिको उपयोगी छ ?

.......................................................

(छ) तपाईं संस्थामा आवद्ध भएपछि आर्थिक स्थिति कत्तिको सबल भयो कि पहिलेको जस्तै छ ?

(१) राम्रो भयो (२) पहिलेको जस्तै छ ।

(ज) सहकारीमा आवद्ध भएपछि र अघिको जीवनशैलीमा के फरक पाउनुभयो ?

.......................................................

(झ) सहकारीले यसमा आवद्ध सदस्यहरुको जीवनशैलीमा कस्तो प्रभाव पारेको छ?

.......................................................

अनुसूची - १

## वैयक्तिक अध्ययन - १

जयन्ती महर्जन ३६ वर्षकी ललितपुर महानगरपालिका वडा नं. ४, स्थित धोबिघाटमा एकल परिवारमा बसोबास गरिरहेकी महिला हुन् । उनी यस संस्थामा आवद्ध भएको ५ वर्ष भइसकेको छ। उनको मुख्य पेशा कृषि हो र उनको श्रमिान् पनि किसान नै हुन् । यस ईकुहिटी संस्थामा उनले रु. ५० मासिक बचत देखि शुरु गरेकी हुन् । हाल आएर उनले प्रति महिना रु. १,००० सम्म बचत गर्न सक्ने भएकी छिन् । महिलाहरुको



आर्थिक था सामाजिक उन्नतिमा मुख्य केन्द्रीय रही स्थापित ईकुहिटी बचत तथा ऋण सहकारीमा सदस्य बनेकी हुन् । संस्थाले विभिन्न तरिकाले कृषि तालिम तथा अन्य शीपमूलक तथा रोजगारमूलक तालिम उपलब्ध गराउँदै आइरहेको छ । कषि तालिम लिइसकेपछि संस्थाबाट रु. ३०,०००।- ऋण लिई च्याउ खेतीमा लगानी गरी आफ्नो व्यवसाय शुरु गरेकी थिइन् । च्याउ खेतीमा श्रीमान् र छोरा दुवैका साथ पाउनाले व्यवसायमा राम्रो आम्दानी भएको बताएकी छिन् । मासिक रु. ५,०००।- आम्दानी हुँदै आएको र व्यवसायलाई अझ बढाउन संस्थाबाट ५०,०००।- थप ऋण लिई कडा मिहेनत गरी मासिक रु. १०,०००।- आम्दानी र वर्षेनी रु. १,२०,०००।- जति आम्दानी हुने गरेको बताउँछिन् । घर खर्च, ऋण किस्ता, शिक्षा तथा स्वास्थ्यमा खर्च भई वर्षेनी बचत रु. २० देखि २४ हजारसम्म बचत भएकोले आफ्नो आर्थिक अवस्थामा विकास र स्तरोन्नतीमा परिवर्तन भएको छ ।

अनुसूची - २

## वैयक्तिक अध्ययन-२



नबिना श्रेष्ठ ४० वर्षकी महिला हुन् । उनी ललितपुर महानगरपालिका वडा नं. ४ स्थित धोबिघाटमा बसोबास गरिरहेकी छिन् । आफ्नो श्रीमान् र छोराछोरीसँग एकल परिवारमा बसोबास गर्दै आएकी नबिना श्रेष्ठ पहिले एक गृहिणी मात्र थिइन् । श्रीमान्को आम्दानीले मात्र घर खर्च चलाउन शिक्षामा खर्च गर्न ठीक्क हुने र बचत गर्न नसकिने थियो । ईकुहिटी संस्थामा महिला प्राथमिकता सहकारी भएकोले यस संस्थामा सदस्य हुँदा रु. २५ बचतदेखि शुरुवात गरेको अहिले मासिक रु. ५०० बचत गर्न सक्ने भएकी छिन् । संस्थामा सदस्य भएको ३ वर्ष भइसकेको छ । संस्थाले मासिक उपलब्ध गराएको विभिन्न किसिमको अचार बनाउने तालिममा नियमित सहभागी भई आफूले पनि सानोतिनो अचार व्यवसाय शुरु गरी यसलाई आफ्नो पेशा बनाएकी हुन् । यस व्यवसायबाट मासिक रु. ७,०००।- देखि रु. १०,०००।- सम्म र बार्षिक रु. ८०,००० देखि रु. ८४,०००।- हजारसम्म हुने र आफ्नो घर खर्च लगायत शिक्षा, स्वास्थ्य र अन्य खर्च गरी बार्षिक रु. १५,०००।- देखि रु. २०,०००।- हजारसम्म खुद आम्दानी भएको उनले बताइन् । पहिलाको भन्दा व्यवसाय आम्दानी बढ्दै गएकोले सबै परिवार खुशी छन् । सशक्त भई इज्जतको जिन्दगी जिउन पाउँदा एकदम रमाइलो र आनन्द भएको र संस्थाप्रति सदैव आभार रहेको व्यक्त गरेकी छिन् ।

समाप्त